ब्रिटिस एयरवेजका प्रमुख कार्यकारी अधिकृतद्वारा राजीनामा | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २३ • अंक १४७ • २०७७ साल असोज २७ गते मंगलवार (13 October, Tuesday, 2020) • मूल्य रु. ५।–

## कोरोनाबाट जनप्रतिनिधीको मृत्यु, सभासद संक्रमित

**टुडे समाचारदाता**

राजविराज ।कोरोना संक्रमणबाट आईतवार मध्यरात एक जनप्रतिनिधीको मृत्यु भएको छ। सप्तरीको तिरहुत गाँउपालिका वडा नं. ३ का वडा सदस्य ४० वर्षिय देवु भनिने देवनारायण मण्डलको चितवनस्थित भरतपुर क्यान्सर अस्पतालमा उपचारको क्रममा आईतवार राती १२:३० बजेतिर मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

उनको शव गृह जिल्लामा ल्याई सोमवार विहान सप्तकोशी नदी किनारमा व्यवस्थापन गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जनाए ।

ब्लड क्यान्सर रोगले पीडित भई उपचारका लागी भरतपुर क्यान्सर अस्पताल पुऱ्याइएका उनको स्वाव परिक्षण गर्दा कोरोना संक्रमण समेत पुष्टी भएको थियो। आइसोलेशनमा राखी उपचार भइरहेको बेला उनको मृत्यु भएको हो। यो संगै सप्तरीमा कोरोनाबाट ज्यान गुमाउनेको संख्या २१ पुगेको छ।

सप्तरी जिल्लाबाट प्रदेश सभासदस्य अभिषेक यादवमा कोरोना भाइरस पोजेटिव पुष्टि भएकोछ ।जनता समाजवादी पार्टी(जसपा)बाट सभासद रहेका यादवको स्वास्थ्य अवस्था समान्य रहेको बताइएकोछ।

सभासद यादवको कोरोना पोजेटिव रिर्पोट आइतवार नै आएपनि सोमवार मात्र सार्वजनिक भएकोछ ।प्रदेश सभाको बैठक आइतवारदेखि सुरु भएकोछ ।तर त्यसमा सभासद यादव अनुपस्थित रहेको प्रदेश सभाका सचिव रञ्जित यादवले बताए।

प्रदेश २ को पछिल्लो तथ्यांक अनुसार सप्तरीमा २ सय ४० जना महिला र १ हजार १ सय ३५ पुरुष सहित १ हजार ३ सय ७५ जना कोरोना भाइरस संक्रमित रहेको समाजिक विकास मन्त्रालय प्रदेश २ को तथ्यांकमा उल्लेख छ।

# मधेशी, दलितले अधिकार नपाएसम्म आन्दोलनः अध्यक्ष यादव

**अनिल तिवारी**

वीरगन्ज ।जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री केपी शर्मा ओलीमाथि कम्युनिष्टको नाउँमा कमाउनिष्ट सरकार चलाएको आरोप लगाएका छन् ।

पर्सा जिल्लामा सोमवार आयोजित वृहत्त पार्टी प्रवेश कार्यक्रममा बोल्दै अध्यक्ष यादवले भने, देशमा भ्रष्टाचार चरमोत्कर्षमा पुगेकोछ।

'ओली नेतृत्वको सरकार कम्युनिष्टहरुको नभै कमाउनिष्ट सरकार हो' अध्पयक्ष यादवले भने, ओली सरकार भ्रष्टाचारमा लिप्त भएको कारण कोरोनालाई नियन्त्रण गर्न असफल भएकोछ।

अध्यक्ष यादवले मधेसी जनजातिहरुको अधिकार पुर्ण रुपमा प्राप्त नभएको उल्लेखगर्दै त्यसका लागि आफुहरुको आन्दोलन जारी रहेको बताए।

' तराई र पहाडका सबै क्रान्तिकारी नेताहरु जसपाको सिंगो थलोमा गोलबद्ध भएका छन् 'उनले भने, आउने दिनमा मधेसी जनजातिले मुलुकको केन्द्रिय सत्ता प्राप्त गरेरै छाड्ने छन्।



ज्सपाका वरिष्ट नेता एवम पुर्व प्रधानमन्त्री बाबुराम भट्टराईले नेपालको कांग्रेस र कम्युनिष्ट पार्टी मधेसी र पहाडका जनजाति बिरोधी भएको आरोप लगाए।

केहि महिना अगाडी कोरोनाको हटस्पट बनेको पर्सा जिल्लामा आयोजित पार्टी प्रवेश कार्यक्रममा बोल्दै नेता भट्टराईले ७०बर्ष बुढो नेपाली कांग्रेस र झापा आन्दोलबाट भागेका केपी ओलीको कम्युनिष्ट पार्टीले मधेसी,थारु तथा जनजाति बिरोधी भएको आरोप लगाए।

परिवारिक समस्याकाकारण नेता प्रचण्डले माओवादी पार्टीलाई एमालेको चौतारीमा आत्मसमर्पण गरेको बताउदै जसपाले मात्र मधेसी जनजातीहरुलाई अधिकार दिलाउने दावी गरे ।उनले सदियौ देखि शोसित मधेसी जनजाति जनतालाई सरकार प्रमुखमा पुर्याउने मिशनमा आफु लागेको प्रष्ट गरे।

कार्यक्रममा बोल्दै प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउत गदीले सघीय सरकार संघीयता बिरोधी भएको आरोप लगाए । प्रदेश नम्बर २सगं व्यापक बिरोध गरेको आरोप लगाउँदै उनले भने, ओली सरकारको संघीयता बिरोधी गतिविधिको कारण संघीयताबाट जनताको बिश्वास कम हुन थालेकोछ ।

कोरोना भाइरस संक्रमणको कारण २ मिटरको दुरी कायम राख्न भनिएपनि भीडले त्यसलाई वेवास्ता गरेका थिए।






# सडक दुर्घटना न्यूनिकरण गर्न विशेष योजना

टुडे समाचारदाता

लहान । नजिकिदै गरेको बडादशै, तिहार तथा छठ पर्वलाई लक्षित गरेर सडक दुर्घटना न्यूनिकरण गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय लहान सिरहाले ट्राफिक व्यवस्थापन र स्वास्थ्य मापदण्ड सम्बन्धी विशेष सुरक्षा योजना ल्याउने भएको छ।

राजमार्गको सवारी आवागमन सहज बनाउन, सडक प्रयोगकर्ताको सुरक्षा सुनिश्चित गर्न, सवारी दुर्घटना न्यूनिकरण गर्न र चाडपर्वमा हुन सक्ने ठगी नियन्त्रण गर्न विशेष सुरक्षा योजना लागु गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय लहानका ट्राफिक प्रहरी निरीक्षक दानबहादुर मिरिङचिङ्गले बताए।




चाडपर्वको समयमा यात्रुसंग बढी भाडा लिने, बाटैमा यात्रु ओराल दिने, स्वास्थ मापदण्ड पालना नगर्ने, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने, ट्राफिक नियमको पालना नगर्ने, जस्ता समस्या आउन नदिन ट्राफिकले यस्ता सुरक्षा योजना ल्याएको ट्राफिक प्रहरी निरिक्षक दान बहादुर मिरिङचिङ्गले बताए। चाडपर्वको बेला निजी तथा सार्वजनीक सवारी साधनमा हुन सक्ने सम्भावित दुर्घटनालाई न्यूनिकरण गर्न आकस्मिक चेकजाँच समेत गरिने उनले बताए।

# पटाका बरामद

टुडे समाचारदाता

जनकपुरधाम । चाडपर्व नजिकिदै गएपछि बारुदजन्य पदार्थ अवैध रुपमा नेपाल भित्र्याउने क्रम शुरु भएको छ। चाडपर्वमा बारुदजन्य पदार्थ पटाका लगायतको समाग्री भारतबाट नेपाल ल्याउँदै गर्दा महोत्तरी प्रहरीले नियन्त्रणमा लिएको छ।

आइतबार साँझ अस्थाई प्रहरी पोष्ट कठ्ठधारबाट गस्तीमा खटिएको टोलीले महोत्तरीको औरही नगरपालिका-४ स्थित अबैध रुपमा लुकाई छिपाई भारतबाट नेपाल ल्याउँदै गरेको १४ प्याकेट (१४० पिस) रकेट पटाका नियन्त्रणमा लिएको छ।

यस्तै, महोत्तरी प्रहरीले सोमबार बिहान गौशाला न.पा.१२ पुरानो कान्तिबजारस्थित सार्वजनिक पोखरीमा लुकाई छिपाई राखेको ३५ वटा सालको गोलिया बरामद गरेको छ।

महोत्तरीका प्रहरी नायब उपरिक्षक प्रकाश विष्टका अनुसार करिब ३० क्युफिट काठ गोप्य सुचनाको आधारमा प्रहरी चौकी कान्तिबजार बाट खटिगएको टोलीले बरामद गरेको हो। काठ आवश्यक कारवाहीको लागी बाँके सव डिभिजन वन कार्यालय लक्ष्मीनियाँमा पठाइएको छ।

# नहरमा डुबेर एकको मृत्यु

टुडे समाचारदाता

लहान । सिरहाको कर्जनहा नगरपालिकास्थित कमला नहरमा डुबेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा कर्जन्हा नगरपालिका-५ निवासी ३५ वर्षीय कासिम सदा रहेको प्रहरीले जनाएको छ।

घर नजीकैको कमला नहरमा नुहाउन गएका सदा आइतबार साँझ बेपत्ता भएका थिए। खोजतलासका क्रममा आज बिहान सदाको शव फेला परेको इलाका प्रहरी कार्यालय बन्दीपुरले जनाएको छ। सदाको शव नहरको उत्तरपट्टि बालुवामा पुरिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

# नगवाबासीसँग मुख्यमन्त्री राउत

टुडे समाचारदाता

वीरगञ्ज । मुख्यमन्त्री लालबाबु राउतले गृहजिल्ला पर्साको वीरगंजमा विकास निर्माण सम्बन्धी छलफल गरेका छन्। मुख्यमन्त्री राउतले वीरगञ्ज महानगरपालिका वडा न. १६ नगवाको फुलवारी टोलका स्थानीयहरुको गुनासो सुनेर विकास कार्यबारे छलफल गरेका हुन्।



मुख्यमन्त्री राउत, पर्सा क्षेत्र न. १ का सांसद प्रदिप यादव लगायतका नेता कार्यकर्ताहरुको टोलीले वीरगञ्ज नगवामा रहेको फुलबारी टोलको अनुगमन गरी उक्त क्षेत्रमा रहेका समस्याहरुको सम्बन्धमा स्थानीयहरुसँग जानकारी लिएका थिए।

सो अवसरमा नगवामा वडा नम्बर १६ मा दलित धर्मशाला निर्माण गर्ने, सडक तथा नाला, लगायतका बिकास निर्माणका कार्यहरुलाई तिब्र गतिमा अगाडी बढाउने विषयमा समेत छलफल भएको थियो।

त्यसैगरी फुलवारी टोलमा सडक तथा नालाको समेत निरीक्षण गरेका थिए।

आगामी दिनमा पनि जनताको घरदैलोमा पुगेरै जनताका समस्याहरुको समाधान गर्ने मुख्यमन्त्री राउतले बताए। उनले बिकास र सुधारको लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

फुलवारी टोल बिकास तथा सुधार समितिको पहलमा मुख्यमन्त्री, सांसद तथा नेता कार्यकर्ताहरुको टोलीले त्यहाँ रहेका समस्याहरुको समाधान गर्ने भनेको सुनेर स्थानीयहरु खुसी भएका थिए। सो अनुगमन तथा छलफल कार्यक्रममा समाजवादी पार्टीका नेता कार्यकर्ताहरु, समाजका अगुवा, सुधार समितिको पदाधिकारीहरु लगायत स्थानीयहरुको उल्लेख्य सहभागिता रहेको थियो।

# नसर्ने रोगको अवस्था भयावह

काठमाण्डु । नेपालमा नसर्ने रोगको अवस्था भयावह बन्दै गएको विज्ञहरूको निष्कर्ष छ। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) ले आयोजना गरेको दोस्रो विश्व ज्ञान सम्मेलनका अवसरमा आयोजित 'लाइफ एण्ड हेल्थ साइन्स' विषयक कार्यक्रममा विज्ञहरूको छलफलबाट नेपालमा नसर्ने रोगको अवस्था निकै चुनौतीपूर्ण रहेको निष्कर्ष निक्लिएको छ।

कार्यक्रममा डा अभिनभ वैद्यले मधुमेह, मुटुरोग, उच्च रक्तचाप, क्यान्सर, हृदयाघात, मष्तिस्कघात, अम्लपित्त, मिर्गौला खराबी, दम, माइग्रेन, डिप्रशन, मोटोपना आदी नसर्ने रोगहरूले नेपालमा भयावह अवस्था लिँदै गएको उल्लेख गर्नुभयो। यी रोगबाट ४० वर्षभन्दा मुनि उमेरका युवावर्ग बढी प्रभावित भएको बताउँदै उहाँले यी रोगबाट बच्न सोच्नुपर्ने बेला आएको उल्लेख गर्नुभयो। चालिस वर्षभन्दा कम उमेरका ३७ दशमलव ९ प्रतिशत युवा नसर्ने रोगबाट नप्रभावित बनेको डा अभिनभ वैधले जानकारी दिनुभयो।

डा सरोज निरौलाले विश्वमा वार्षिक १० लाख मानिसले क्यान्सरका कारण ज्यान गुमाउने गरेको बताउनुभयो। क्यान्सरबाट ज्यान गुमाउनेमा ७० प्रतिशत निम्न तथा मध्यम आय भएका मुलुकका मानिस रहेको उहाँले उल्लेख गर्नुभयो। नेपालमा पनि क्यान्सरका रोगी बढ्दै गएको बताउँदै उहाँले नसर्ने रोग क्यान्सरबाट बचाउन जीवनशैली तथा खानपानमा ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो। धुलोधुँवा, विकिरण रसायनको प्रयोग, विषाक्त खानेकुराले क्यान्सरको जोखिम बढेको बताउँदै स्वस्थ जीवनशैली नै क्यान्सरसँग लड्ने पहिलो आधार भएको उहाँले उल्लेख गर्नुभयो।

मानसिक स्वास्थ्यको विषय महामारीभन्दा अगाडिदेखि नै उठेको बताउँदै उहाँले कोरोना महामारीका कारण थप यसको जटिलता बढेको उल्लेख गर्नुभयो। उहाँले नेपालले कोरोना महामारीका कारण रोजगारी गुमाउदा, लामो समयसम्मको बेरोजरीका कारण कमजोर आर्थिक अवस्था तथा अभावका कारण अधिकांशको मानसिक स्वास्थ्यमा असर परेको बताउनुभयो। मानसिक समस्याकै कारण मानिस आत्महत्या गर्ने अवस्थासम्म पुग्ने गरेको बताउँदै उहाँले पुरुषको तुलनामा ठूलो सङ्ख्यामा महिलाले आत्महत्या गर्ने उल्लेख गर्नुभयो।

उहाँका अनुसार पैंतालीस प्रतिशतसम्म महिलाले आत्महत्या गर्ने प्रवृत्ति देखिएको छ। मानसिक समस्याबाट बच्नका लागि सकारात्मक सोच, स्वस्थ जीवनशैलीमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

कार्यक्रममा डा कृष्णबहादुर थापाले बालबालिकामा जन्मजात देखिने डिस्लेक्सियाको प्रभाव बढ्दै गएको बताउनुभयो। विश्वमा विद्यालय जाने अवस्थाका तीन देखि १९ प्रतिशत बालबालिकामा यस्तो समस्या रहने अध्ययनले देखाएको बताउँदै नेपालको सन्दर्भमा पनि बालबालिकामा यस्तो समस्या बढ्दै गएको उहाँले जानकारी दिनुभयो। सचेतनाको अभावले नेपालमा यस्तो रोग लागेका बच्चाका लागि छुट्टै शिक्षा प्रणालीको व्यवस्था गर्न नसकिएको उहाँको भनाइ थियो।

"डिस्लेक्सिया भएका बच्चा अरु सामान्य बच्चाभन्दा फरक हुन्छन्। उनीहरू शुद्ध उच्चारण गर्न नसक्ने तथा एकदमै ढिला अध्ययन गर्ने हुन्छन्। दायाँबायाँ ट्याउन नसक्ने हुँदा उनीहरू स्मल बी र डीलाई एउटै देख्छन्। रासस

# ५६ क्युफिट चिरानको काठ बरामद



रञ्जन यादव

जीतपुर । डिभिजन बन कार्यालय बाराले निजगढ नगरपालिका क्षेत्रभित्रबाट ५६ क्युफिट चिरानको काठ बरामद गरेको छ।

बिशेष सुचनाको अधारमा प्रहरी र बन गस्ती सहितको बन टोलीले करिब ३६ क्युफिट काठ कच्छडिया टोलबाट र २० क्युफिट काठ रामनगरबाट बरामद गरेको डिभिजन बन कार्यालय बाराका प्रमुख मञ्जुर अहमदले जानकारी दिए।

बन क्षेत्रबाट काठ चोरी तस्करी गरी ल्याएर चिरान गरि राखिएको अवस्थामा बन टोलिले बरामद गरेको थियो। बरामद काठमा साल र सिसौंको काठहरु रहेका छन्। तस्करहरुको खोजि कार्य भईरहेको डिभिजन बन कार्यालय बाराले जनाएको छ।

# सानिमा बैंकका ग्राहकहरुले सस्तो डिलमा सामान किन्दा विशेष छुट

टुडे समाचारदाता

काठमाण्डु। नेपालीहरुको महान चाड वडा दशैंको अवसरमा सानिमा बैंकले आफ्ना ग्राहकहरुका लागि विभिन्न छुटका योजनाहरु ल्याउने क्रममा 'बिग डिल एट सस्तो डिल' योजना सार्वजनिक गरेको छ।

अनलाइन सपिङ्ग पोर्टल सस्तो डिलसँगको सहकार्यमा संचालित यस योजनामा बैंकको मोबाइल बैंकिङ्ग एप, सानिमा सजिलो ई-बैंकिङ्ग प्रयोगकर्ताले क्यु आर कोड स्क्यान मार्फत् भुक्तानी गर्दा २५५ छुट वा अधिकतम् रु २,५००/- सम्म क्यास ब्याक प्राप्त गर्न सक्ने बैंकले जनाएको छ।




बैंकका अनुसार योजना अवधिभर सहभागी हुने ग्राहकहरुलाई "First come first serve" को आधारमा छुट प्रदान गरिने छ। यो योजना २७ आश्विन देखि १ कार्त्तिक २०७७ गतेसम्म पाँच दिनका लागि लागू हुनेछ। सानिमा बैंकको सातै प्रदेशमा हाल ८३ वटा शाखा, १५ विस्तारित काउन्टर र ८१ वटा ए.टि.एम. संचालनमा रहेका छन्। साथै, सानिमा बैंकको डेबिट तथा क्रेडिट कार्ड प्रयोग गर्दा विभिन्न अस्पताल, सपिङ्ग आउटलेट (shopping outlet), होटेल, रेष्टुरेन्ट आदिमा विशेष छुटको व्यवस्था रहेको छ।

# राजमार्गका १० अस्पतालमा ट्रमा युनिट स्थापना तयारी

काठमाण्डु। सरकारले राजमार्गका अस्पतालमा ट्रमा युनिट स्थापनाका लागि तयारी गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दुर्घटनामा परेका घाइतेको उपचारका लागि राजमार्गका १० अस्पतालमा ट्रमा युनिट बनाउने गरी हरेक युनिटलाई रु ५० लाखका दरले पाँच करोड बजेटसमेत विनियोजन गरिपठाइसकेको छ।

मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले सरकारले सात प्रदेशका १४ अस्पतालबाट गरीब तथा विपन्न वर्गलाई आकस्मिक सेवा पनि उपलब्ध गराउन थालेको जानकारी दिनुभयो। ती अस्पतालमा रु एक करोडका दरले रु १४ करोड हस्तान्तरण गरिसकिएको जनाइएको छ।

अकालमा हुने निधन कम गर्न पूर्व अस्पताल सेवासहितको एकीकृत एम्बुलेन्स सेवासमेत कार्यान्वयन गरिएको छ। कोशी नारायणी र भरतपुर अस्पताल तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु नौ करोडको दरले आकस्मिक कक्ष निर्माणका लागि रु ३६ करोड रुपियाँ पठाइसकेको छ।

स्वास्थ्य सेवाका गुणस्तर वृद्धि गर्न सबै अस्पतालमा न्यूनतम सेवा मापदण्ड पुऱ्याउन सबै प्रदेशमा अभिमुखीकरण तालीम दिइसकेको छ। सबै सङ्घीय अस्पतालमा मापदण्डअनुसारको सेवा भए नभएको अनुगमन गरिने भएको छ।

स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने उद्देश्यले स्वास्थ्य प्रणालीमा व्यापक सुधार गर्नका लागि रोग नियन्त्रण केन्द्र स्थापनाको प्रक्रियासमेत अगाडि बढाइएको डा गौतमले बताउनुभयो। रासस

# सडक स्तरोन्नति नहुँदा तेहोरो यात्रा

काठमाण्डु । राजधानीको उत्तरपूर्वी भेगका तीन नगरपालिकाका बासिन्दालाई सरकारी कार्यालयमा सेवा लिन जान सहज हुने सबैभन्दा छोटो मार्ग सुन्दरीजल-सूर्यमण्डली-साँखु सडक छ वर्षदेखि अलपत्र हुँदा सेवाग्राही तेब्बर बढी बाटो घुम्न बाध्य छन्।

यो मार्गमा पर्ने घट्टेखोलामा विसं २०७१ मै सवारी हिंड्ने पुल बनिसके पनि ट्र्याक खुलेको सडक स्तरोन्नति नहुँदा तीन नगरपालिकाका बासिन्दा तेब्बरभन्दा बढी सडक घुमेर सेवा लिन जान बाध्य बनेका हुन्। यो सडक सञ्चालनमा आए गोकर्णेश्वर, कागेश्वरी मनोहरा र शङ्खरापुर नगरपालिकाका सेवाग्राहीलाई साँखुमा रहेका कार्यालयमा जान सहज हुनेछ। साँखुमा इलाका प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक, नेपाल विद्युत् प्राधिकरणलगायत सरकारी कार्यालय छन्। यो सडक बनेमा छ किलोमिटर यात्रापछि साँखु पुग्न सकिने कागेश्वरी मनोहरा-२ का बासिन्दा कृष्णजी खड्का बताउनुहुन्छ। सडक स्तरोन्नति नहुँदा १९ किमी घुमाउरो यात्रा गरी सेवाग्राही साँखु पुग्छन्।

"यो सडक बनेमा पर्यटकीयस्थल नगरकोट पुग्न पनि छोटो बाटो हुनेछ, यो सडकले पर्यटकीयस्थल सुन्दरीजल, कागेश्वरी, साँखु र नगरकोटलाई पनि जोड्छ, प्राचीनकालदेखि नै बूढानीलकण्ठदेखिका मानिस माघ महिनामा लाग्ने साली नदी मेला भर्न आउने यो मूलबाटो थियो, सडक अर्को स्थानबाट बनेपछि ओझेलमा परेको थियो, यसैले यहाँ पुल बनाएर सडक स्तरोन्नतिका लागि लागेका छौं", उहाँले भन्नुभयो। शङ्खरापुरको खत्रीगाउँलगायत स्थानबाट वाग्मती किनारमा शव ल्याउन एवं स्थानीयवासीको आवतजावतका लागि पनि यो सडक प्राचीनकालदेखि नै उपयोग हुँदै आएको थियो। साँखु, कागेश्वरी र गोकर्णेश्वरका विभिन्न स्थानका मानिसबीच पारिवारिक सम्बन्धसमेत रहेकाले पनि ओहोरदोहोर गर्न यो बाटो सोझो हुन्छ। १५ वर्षअघि नै ट्र्याक खुलेको यो सडक स्तरोन्नति नहुँदा गोकर्णेश्वर, कागेश्वरी मनोहरा र शङ्खरापुरका केही भागका मानिस सार्वजनिक यातायातमा १९ किमी घुमाउरो यात्रा गरी साँखु पुग्न बाध्य छन्। वर्षौंदेखि घुमाउरो यात्रा गर्न बाध्य स्थानीयवासीले दशैं अघि नै मोटरसाइकल र साना सवारी सञ्चालन हुने गरी मर्मत शुरु गरेका छन्। घट्टेखोला पुलको दायाँबायाँ बिग्रिएको सडक मर्मत गर्न स्थानीयवासी रामहरि खड्का, शैलेन्द्र कुइँकेल र विनोद खड्काले डोजर उपलब्ध गराउनुभएको छ। सवारी चलाउन स्थानीयवासी पनि मर्मत सम्भारमा सहयोग गर्न सक्रियता देखाउन थालेका छन्।

मर्मत एवं स्तरोन्नतिका लागि स्थानीय बच्चुराम खड्का, विनोद खड्का, शिवशरण खड्का, अमृत खड्का, लक्ष्मण खड्का, अशोक खड्का, राजीव खड्कालगायत जग्गा धनीले जग्गासमेत उपलब्ध गराउन तयार रहेको बताउनुभएको छ। यो सडक सुन्दरीजलबाट आलापोटसम्म १० मिटर चौडाइको छ। इन्द्रायणीबाट साँखुसम्म पनि १० मिटर चौडाइको यो सडक आलापोटबाट सूर्यमण्डली खण्डमा भने करिब ३०० मिटर आठ मिटरमात्र चौडाइको छ।

सडक मर्मतका लागि शङ्खरापुर नगरपालिकाले बजेट समेत विनियोजन गरेको वडा नं ९ का वडा सदस्य भाइकाजी श्रेष्ठले जानकारी दिनुभयो। यो सडक मर्मत भएमा जोरपाटी-थली-साँखु सडकको वैकल्पिक मार्ग समेत हुनेछ। जोरपाटी-थली-साँखु सडक विस्तारका लागि ठेक्का भएको आधा दशक वितिसक्दासमेत काम पूरा हुन सकेको छैन। जसका कारण स्थानीयवासी हिउँदमा धुलो र बर्खामा हिलोमा यात्रा गर्न बाध्य छन्। रासस

## तपाईंको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : धन बृद्धि सञ्चय। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००४४ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# छोरीको घरमा निःशुल्क इन्टरनेट सेवा जडानको तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश नं २ सरकारको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत बीमा गराएका २७ हजार छोरीको घरमा निःशुल्क इन्टरनेट सेवा जडान गर्ने तयारी थालिएको छ । छोरी शिक्षा बीमा गराएका २६ हजार ९५६ छोरीको घरमा निःशुल्क इन्टरनेट जडानको तयारी गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

प्रदेश सरकारको 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमअन्तर्गत सञ्चालित छोरी शिक्षा बीमा कार्यक्रममा २ माघ २०७६ यता बीमा गराएका छोरीको घरमा इन्टरनेट जडान गर्न लागिएको अभियानकी संयोजक प्रियङ्का यादवले जानकारी दिनुभयो । गत माघ २ गतेखि प्रदेश नं २ का १३६ वटै पालिकामा छोरी शिक्षा बीमाको शिविर सञ्चालन गरिएको थियो । संयोजक यादवले अहिले छोरी बीमा गराएका घरमा इन्टरनेट जडान गर्न मोबाइल नम्बर सङ्कलन गर्ने काम भइरहेको बताउनुभयो ।

उहाँले महोत्तरीको लोहारपट्टि नगरपालिकाको छोरी शिक्षा बीमासम्बन्धी सम्पूर्ण कागजात तयार रहेकाले यस नगरपालिकाबाट छोरीको घरमा निःशुल्क इन्टरनेट सेवा जडान गर्ने तयारी भएको बताउनुभयो । प्रदेशका सबै १३६ पालिकाले छोरी बीमाको कागजात तयार गरेर मुख्यमन्त्री कार्यालयमा बुझाएपछि ती सबै पालिकाका छोरीको घरमा पालैपालै इन्टरनेट जडान गरिने कार्यालयले जनाएको छ।

सुविसु इन्टरनेट कम्पनीले बीमा भएका ती छोरीको घरमा इन्टरनेट सेवा जडान गर्ने मुख्यमन्त्री कार्यालयले जनाएको छ । महिला हिंसा न्यूनीकरण तथा छोरीको राम्रो शिक्षादीक्षाका लागि सञ्चालन गरिएको प्रदेश नं २ मा 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत छोरी शिक्षा बीमा कार्यक्रम सञ्चालनमा छ । जसमा छोरी जन्मिने बित्तिकै प्रदेश सरकारले रु ३७ हजार तिरेर रु तीन लाखको बीमा गरिदिने व्यवस्था गरिएको छ । उक्त बीमाको रकम छोरीले २० वर्षपछि पाउनेछन् । शुरुमा २०७५ मा योजना एकजना छोरीलाई १३ हजार ६४६ रुपैयाँ १५ पैसा तिरेर रु एक लाखको बीमा प्रदेश सरकारले गर्ने गरेको थियो ।

मुख्यमन्त्री कार्यालयसँग माघयता २६ हजार ९५६ छोरीको बीमा गरिएको तथ्याङ्क छ भने प्रभु बैंकसँग २८ हजार ४५७ छोरीको बीमाको तथ्याङ्क रहेको मुख्यमन्त्री कार्यालयले जनाएको छ । प्रदेश सरकारले छोरी शिक्षा बीमा गर्न दुई वर्ष अर्थात् असार २०७६ सम्मका लागि प्रभु बैंकसँग सम्झौता गरेको थियो। जसमा २ माघ २०७६ देखि छोरीको बीमा गराउनेको घरमा निःशुल्क इन्टरनेट जडान गर्ने पनि सम्झौता गरिएको थियो।

प्रभु बैंकसँगको सम्झौताका मिति सकिएकाले पुनः अर्को सम्झौताका लागि टेन्डर आह्वान गर्न असोज २१ गते बेटी पढाऊ, बेटी बचाऊ निर्देशक समितिको बैठक बसेको थियो।

# किर्ते कागज बनाएर अर्काको जग्गा बिक्री

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिका ५ का कमलादेवी राजभण्डारीको नाममा रहेको घरसहितको पाँच कठ्ठा १५ धुर जग्गा किर्ते कागज बनाई बिक्री भएको खुलासा भएको छ। उक्त जग्गाको मूल्य झण्डै रु ५० करोड रहेको जनाइएको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोका अनुसार ति व्यक्तिले आफ्नो नागरिकता समेत नक्कली बनाई किर्ते कागजातका आधारमा अर्काको जग्गा हाता पारेर तेस्रो व्यक्तिलाई बिक्री गरेको पाईएको हो । सो किर्ते काममा ललितपुर महानगरपालिका १३ कुसुन्तीका ३३ वर्षीय केवलप्रताप जबरा रहेको व्यूरोका प्रमुख प्रहरी नायब महानिरीक्षक सहकुलबहादुर थापाले जानकारी दिनुभयो ।

थापाका अनुसार उनले मुकेश राजभण्डारी नामको नक्कली नागरिकता बनाएर किर्ते गरेको खुल्न आएको छ । मालपोत कार्यालयका कर्मचारीको समेत मिलेमतोमा जग्गा धनी तथा निजको हकवाला समेतको हक मारी अर्काको जग्गा किर्ते कागजात बनाई गत फागुन १९ गते आफ्नो नाममा पास गरेका थिए । त्यसपछि उक्त जग्गा पर्सा कै गिरधारी लाल अग्रवाललाई बिक्री गरी रु ५० लाख बैना लिएको फेला परेको छ। त्यसपछि घटना बाहिर आएको हो।

स्थानीय राजीव राजभण्डारीले लिखत र ठगी सम्बन्धी मुद्दामा जाहेरी दरखास्त दिएपछि व्यूरोले अनुसन्धान थालेको थियो। अनुसन्धानका क्रममा ललितपुर महानगरपालिका १३, कुसुन्तीका ३३ वर्षीय केवलप्रताप जबराले आफ्नो नाम मुकेशराज भण्डारी राखेर किर्ते गरेको पाइएको हो। उनले जिल्ला प्रशासन कार्यालय ललितपुरबाट किर्ते नागरिकता समेत बनाएको पाइएको छ।

खोजीका क्रममा उनलाई काठमाडौंको रातोपुलस्थित डेराबाट आइतबार पक्राउ गरिएको र आज आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सा पठाइएको व्यूरोका प्रमुख थापाले जानकारी दिनुभयो। प्रहरीले यसअघि पनि उनलाई विभिन्न कसुरमा मुद्दा चलाएको जनाइएको छ।

**बैंकिङ कसुरका फरार पक्राउ**

बैंकिङ् कसूर मुद्दामा उच्च अदालत पाटनको जेठ ३० गतेको फैसलाले १५ दिन कैद र ३४ लाख जरिवाना ठहर भएर फरार रहेका गोरखाका राजेशबाबु श्रेष्ठलाई पक्राउ गरिएको छ। उनलाई चितवनको रत्ननगरमा लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरी आज फैसला कार्यान्वयनका लागि चितवन जिल्ला अदालतमा पेश गरिएको प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले जनाएको छ।

उनले विसं २०७५ मा आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानीजानी झुक्यानमा पारी सापटी लिएको रकम फिर्ता दिन चेक काटेर बैंकिङ कसुर गरेका थिए।

# गुडिरहेको ट्रेक्टरबाट खस्दा एकको मृत्यु

**टुडे समाचारदाता**

जीतपुर। बारामा गुडिरहेको ट्रेक्टरबाट खस्दा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कलैया उपमहानरपालिका वडा नं. २२ मदिलवा बस्ने २५ वर्षीय शेख रुस्तम रहेका छन् ।

जितपुरसिमरा उपमहानगरपालिका वडा नं. १६ स्थित पुर्वपश्चिम लोकमार्गमा निजगढबाट पथलैयातर्फ आउदैं गरेको ट्र्याक्टरबाट खस्दा उनको मृत्यु भएको हो । ना३त ११०६ नं.को टेलर जोडेर भुस लोड गरेको ना.१ त. ५८०० नं. टयाक्टरबाट निदाएर ट्र्याक्टरबाट खस्दा किचिएर उनको मृत्यु भएको थियो।

# आकस्मिक बाहेक सबै सेवा ठप्प

**टुडे समाचरदता**

लहान। लहानमा रहेको राम कुमार सारडा उमाप्रसाद मुरारका स्मारक अस्पतालमा एक जना चिकित्सकमा कोरोना संक्रमण पुष्टि भएपछि अस्पतालबाट दिईने सेवा ठप्प भएको छ।

अस्पतालले सोमबार एक सूचना जारी गरी आकस्मिक सेवा १२ घण्टाका लागी ठप्प गरिएको जानकारी दिनुभयो । आकस्मिक सेवा निर्मलिकरण गरी सुचारु गरिने सुचनामा उल्लेख छ। अस्पतालका अन्य केही कर्मचारीमा समेत त्यस्ता लक्षण देखिएकाले पिसिआर रिपोर्ट न आउन्जेल अस्पतालबाट दिदै आएको आकस्मिक सेवा बाहेक अन्य सेवा अर्को सूचना नआए सम्म ठप्प रहने अस्पतालका प्रमुख सुनिल प्रसाद कुशवाहा द्वारा हस्ताक्षरित सुचनामा उल्लेख छ।

अस्पतालले निरन्तर दिदै आईरहेको सेवा बन्दको कारण सेवाग्राहीलाई भएको असुविधा प्रती अस्पतालद्वारा खेद प्रकट गरिएको छ।

# महामारीमा विकल्पहीन बन्दै वैकल्पिक शिक्षा

**दिपेन्द्रप्रसाद सिंह**

कलिला बालबालिकाका ससाना समूह । एकाबिहानै कोही सार्वजनिक दलान, कोही मन्दिर, कोही खुल्ला रुखमुनि त कोही आफ्नै घरको दलानमा बसेर पढिरहेका छन् । कोभिड-१९ को महामारीसँगै शुरुभएको बन्दाबन्दीले विद्यालयहरु लामो समय बन्द रहेपछि धनुषाको शहीदनगर नगरपालिकाको ४ नम्बर वडास्थित श्री निम्न माध्यमिक विद्यालय, हरवाडाका बालविकासदेखि कक्षा ५ सम्मका ३१५ जना विद्यार्थीहरुको दिनचर्या अहिले फेरिएको छ । विद्यालय बन्द हुँदा घरमै बस्ने गरेका विद्यार्थीहरु अहिले विहान ६ बजे नै हातमा कलम, किताव, मुखमा मास्क र बस्नको लागि चट्टाइ लिएर तोकिएको वैकल्पिक कक्षाको शिक्षण सिकाई क्रियाकलापमा सहभागी हुँदै आएका छन्।

बन्दाबन्दीले महिनौंसम्म बालबालिकाको पठनपाठन अवरुद्ध हुनेदेखेपछि विद्यालयका प्रधानाध्यापक श्रीकृष्ण भिनवार चिन्तित भएका थिए। महामारीका बीच पनि शिक्षणसिकाइ सुचारु गर्ने केही विकल्प सोचेर उनले आफूमातहतका शिक्षकहरु बोलाएर छलफल गरे । बन्दाबन्दीको समयमा वैकल्पिक माध्यमबाट स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउँदै टोल टोलमा सिमित विद्यार्थी राखेर पठनपाठनका लागि कक्षा सञ्चालन गर्न छलफल चलाउँदा शुरुमा त केही शिक्षकहरु हच्किए । गोरखा जिल्लाको घैरुबतासेबाट ३ वर्ष पहिले आएका प्रधानाध्यापक भिनवारले आफूहरुले विद्यार्थीको भविष्यसँग खेलवाड गर्नु हुँदैन, जति सकिन्छ त्यति गरौं भनेपछि अन्ततः सबै शिक्षकहरु बैकल्पिक माध्यमबाट पठनपाठन गराउन सहमत भए । प्रधानाध्यापक भिनवार भन्छन्- 'त्यसपछि त अलिकति उत्साह जाग्यो । शिक्षकहरुकै सल्लाहमा विद्यालयको सेवा क्षेत्र पहिचान गरी १२ वटा वैकल्पिक कक्षाका सेन्टर सञ्चालन गर्ने निर्णय गऱ्यौं।'

असार १ गतेदेखि सुरु गरिएको वैकल्पिक कक्षा लगातार दुइ महिनासम्म चलेपछि गाउँमै कोरोना भाइरस संक्रमितको मृत्यु भएको कारण झण्डै एक महिना बन्द रह्यो। तराइ क्षेत्रमा संक्रमण केही कम भएपछि पुनः असोज १ गतेदेखि उस्तै ढंगले कक्षा सञ्चालन गरेको प्रधानाध्यापक भिनवारले बताए।

एउटा सेन्टरमा भौतिक दूरी कायम गर्दै २० देखि २५ जना विद्यार्थी राखेर कक्षा सञ्चालन हुँदैआएको छ । त्यहाँ पढ्ने विद्यार्थीहरुका लागि मास्क, स्यानिटाइजरको व्यवस्था विद्यालयले नै गरेको छ । मास्क, स्यानिटाइजर खरीद गर्नका लागि शहीद नगरपालिकाले प्रति विद्यालय ५ हजार रुपैयाका दरले अनुदान दिएको थियो । त्यसबाट रकम अपुग भए विद्यालयले नै थप्ने प्रधानाध्यापक भिनवार बताउँछन् । बहुकक्षा शिक्षण पद्धतिअनुरुप चलाइएका यी वैकल्पिक कक्षा हरेक दिन विहान ६ बजेदेखि ११ बजेसम्म चल्छन् । विद्यार्थीहरुलाई दिएको गृहकार्य जाँच गर्ने, होमवर्क दिने र विद्यार्थीहरुले पढेका कुराहरुबारे आन्तरिक परिक्षासमेत लिनेगरिएको छ। नगरपालिकाको शिक्षा शाखाका स्रोत व्यक्ति, वडा अध्यक्ष र सम्बद्ध विद्यालयका प्रधानाध्यापकले बेलाबेलामा यस्ता कक्षा अवलोकन गरी सल्लाह तथा सुझाव दिने गरेका छन्।

त्यसो त बन्दाबन्दीले विद्यालय, शिक्षण संस्थाहरुमा औपचारिक रुपमा हुँदैआएको शैक्षिक क्रियाकलाप देशभर नै बन्द भएको छ। र, शिक्षकहरुलाई औपचारिक रुपमा शिक्षण संस्थामा नियमित गएर शिक्षण सिकाइ क्रियाकलाप गराउनुपर्ने बाध्यता छैन । यो अवस्थामा लामो समयसम्म विद्यालय बन्द हुँदा विद्यार्थीको एक शैक्षिक सत्र नै खेर जाने र उसको पढ्ने आदत नै छुट्ने चिन्ता स्थानीय तहको थियो। त्यसैले शहीद नगरपालिकाको शिक्षा शाखाले ०७७ असार १ गते नगरक्षेत्रका प्रधानाध्यापकहरुको बैठक बोलाएर वैकल्पिक शिक्षाबाट कक्षा संचालन गर्न आग्रह गऱ्यो । लगत्तै प्रधानाध्यापकहरुले आ-आफ्नै विद्यालयमा बैठक बसेर वैकल्पिक कक्षा सञ्चालन गर्ने तयारी गरेका थिए।

संक्रमण बढिरहेका बखत वैकल्पिक पठनपाठनको वातावरण बनाउन कोभिड-१९लाई लक्षित गरी नगरपालिकाले आफ्नो क्षेत्रका ३२ सामुदायिक विद्यालयका सबै शिक्षकहरुको १/१ लाखको कोरोना बीमा समेत गरिदिएको थियो । र, प्रत्येक विद्यालयलाई वैकल्पिक कक्षा सञ्चालनका लागि मास्क, सेनिटाइजरलगायतको आवश्यक सुरक्षा सामाग्री खरीदका लागि ५ हजारको दरले अनुदान दिएको नगरपालिकाका मेयर उदयकुमार बरवरियाले बताए।

विद्यालय बन्द रहेको बेला विद्यार्थीहरु विना किताबको के पढ्ने नपढने भनेर अन्यौलमा परेकाले नगरपालिकाले बैशाख महिनाको अन्तिम हप्तादेखि जेठको पहिलो हप्ताभित्रै आफ्नो पालिकाका सबै विद्यार्थीहरुको हात हातमा शैक्षिक सामग्री (पाठयपुस्तक) उपलब्ध गरायो । धनुषाका १८ वटा स्थानीय तहमध्ये सबैभन्दा पहिले शहीद नगरपालिकामा कक्षा १ देखि ५ सम्म, ६ देखि ८ सम्म र ९ र १० कक्षाका विद्यार्थीहरुलाई नगरपालिकाले नै खरिद गरी विद्यालयमार्फत भौतिक दूरी कायम गराई विद्यार्थीहरुको हात हातमा उपलब्ध गराएको मेयर बरवरियाको भनाइ छ।

वैकल्पिक कक्षा शुरु गर्नुको मुख्य आधार भने विद्यालयहरुले आफ्नो सेवा क्षेत्रमा गरेको सर्वेक्षणमा ९२ प्रतिशत विद्यार्थी र अभिभावक भर्चुअल शिक्षाका माध्यम टिभी, रेडियो, इन्टरनेटको पहुँचबाहिर रहेको देखाएको थियो । सर्वेक्षणको नतिजा आएपछि बालविकासदेखि ५ कक्षासम्मका विद्यार्थीलाई वैकल्पिक कक्षा र ६ कक्षादेखि १२ कक्षासम्मका विद्यार्थीहरुलाई इन्टरनेटको माध्यमबाट शिक्षण सिकाइ गराउने लक्ष्य रहेको भएपनि इन्टरनेट कक्षा संचालन गर्न भौतिक पूर्वाधारको समस्या रह्यो । अहिले इन्टरनेट कक्षा सञ्चालनका लागि भौतिक पूर्वाधारको सहयोग नगरपालिकाबाट माग गरिएको वडा नम्बर-३ स्थित श्री जनता एकाई प्राविधिक माध्यमिक विद्यालय यदुकोहाका प्रधानअध्यापक प्रमोदकुमार कर्णले बताए।

अधिकांश विद्यार्थीहरु प्रविधिको पहुँचबाट टाढा रहेकाले गर्दा वैकल्पिक शिक्षाअन्तर्गत एक समूहमा २० जना विद्यार्थी राखेर टोल टोलमा कक्षा संचालन गर्ने विद्यालयका प्रध्यानाध्यापक र शिक्षकहरुबीचको सहमतिले शहीद नगरपालिकाका ३ सय ५० शिक्षकले नगरका कूल ४ हजार ५ सय विद्यार्थीहरुलाई असार १ गतेदेखि पढाउने थालेपछि आफूहरुले पटकपटक कक्षाको अवलोकन गरी सल्लाह सुझाव दिएको शिक्षा शाखाका स्रोत व्यक्ति धनेश्वर यादवले बताए । वैकल्पिक कक्षाको अनुगमन गर्न सम्बन्धित विद्यालयका प्रधानाध्यापक र सोही वडाका वडाध्यक्षलाई लिएर कक्षा अवलोकन र निरिक्षण गरी सल्लाह सुझाव दिदै आएको स्रोत व्यक्ति यादवले बताए।

यता, धनुषाको सवैला नगरपालिकामा साउन १ गते बसेको प्रधानाध्यापकहरुको बैठकबाट पालिकामा ३ मदर्सासहित १६ सामुदायिक विद्यालयका विद्यार्थीलाई समेटने गरी वैकल्पिक कक्षा सञ्चालन गर्ने निर्णय गरियो । सवैलाको कमलामाई प्राथमिक विद्यालय ढोलबज्जाका प्रधानाध्यापक जिवछ यादवको संयोजकत्वमा साउन २ गते बसेको बैठकबाट आफनो विद्यालयमा अध्ययनरत २ सय ४१ जना विद्यार्थीहरुलाई पायक पर्ने गरी ३ वटा टोलमा वैकल्पिक कक्षा सञ्चालन गर्ने निर्णय गरिएको थियो। कमलामाई प्राथमिक विद्यालयका शिक्षक प्रमिलाकुमारी साहको संयोजनमा मुसहरी टोल, शिक्षिका सोभिता यादवको संयोजनमा ढोलबज्जाको सार्वजनिक दलान र शिक्षिका संगिताकुमारी कामतीको संयोजनमा पर्साही टोलमा कक्षा संचालनको जिम्मेवारी दिइएको छ।

शुरुमा शिक्षकहरु टोल टोलमा गएर विहान ७ बजेदेखि १० बजेसम्म दैनिक ३ घण्टाको दरले एक समूहमा २५ जना विद्यार्थीलाई पढाउने लक्ष्य लिएका थिए । तर



कक्षा संचालन भएपछि समुदायका विद्यार्थीहरुको चाप खेप्न नसकेर एउटा सेन्टरमा ४० देखि ५० जना विद्यार्थीहरु आउन थालेको शिक्षिका प्रमिला साहले बताइन् । कमलामाई प्राथमिक विद्यालयले २ ९ दिन कक्षा संचालन गरेपछि कोरोना संक्रमितहरुको संख्या बढेको र पालिकामै एकजना व्यक्तिको मृत्यु भएपछि कक्षा बन्द गर्नुपर्ने बाध्यता परेको विद्यालयका प्रधानाध्यापक जिवछ यादवले बताए।

उता श्रीआधारभूत विद्यालय किरतपुरका प्रधानाध्यापक पवन महतोको संयोजकत्वमा बसेको बैठकले विद्यालयको लक्षित क्षेत्रको ६ टोलमा सेन्टर कायम गरि कक्षा सञ्चालन गर्ने निर्णय गऱ्यो । किरतपुर महतो टोलमा शिक्षिका विभा सिंह, थानतोल टोलको सेन्टरमा कौशिला कुमारी, अजबटोल किरतपुरमा शिक्षक अजयकुमार यादव, कुटिटोलमा रामकुमारी महतो र परसाही टोलको सेन्टरमा गंगाराम यादवलाई शिक्षण सिकाइको जिम्मेवारी दिइयो । टोलमै सञ्चालित ती वैकल्पिक कक्षामा बालविकासदेखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई भौतिक दूरी कायम हुने गरी मास्क लगाएर आउने गरेका थिए।

कक्षा अवलोकनका लागि विद्यालयका प्रध्यानाध्यापक पवन महतो आफैं सेन्टरहरुमा पुगेर समस्याहरुबारे बुझ्ने गरेको बताए। विद्यालयले टोल टोलमा कक्षा संचालन गरेपछि विद्यार्थी र अभिभावकहरुले आफूहरुलाई साथ र सहयोग गरेको प्रधानाध्यापक महतोले बताए । उनले भने- 'हामीले टोल टोलमा सेन्टर कायम गरी विद्यालय संचालन गर्ने निर्णय गरेपछि अभिभावकहरुले ठाउँ उपलब्ध गराए अनि विद्यार्थीहरुलाई सरसफाइ गराइ मास्क तथा बस्नको लागि घरबाटै बोरा, चटाइलगायतको सामग्री दिएर पठाएका छन् ।' सेन्टरमा शिक्षकले बहुकक्षा शिक्षण गर्छन् भने हरेक विद्यार्थीहरुलाई गृहकार्य गर्न दिने र जाँच्ने काम गरेका छन्।

सवैला नगरपालिकामा पनि विद्यार्थीहरुलाई कक्षाअनुसारको पाठयपुस्तकका साथै अतिरिक्त पाठयसामग्रीसमेत दिइएको छ । शिक्षाक्षेत्रमा कार्यरत एक गैरसरकारी संस्थाको सहयोगमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा मान्यता प्राप्त 'असर अभ्यास पुस्तिका' र 'अभिभावकको सहयोग घरमै सिकाउन सकिने क्रियाकलाप' नामक अतिरिक्त पाठ्यसामाग्री हुन् । सेन्टरमा विद्यार्थीहरुलाई विद्यालयको पाठ्यपुस्तकलगायत अतिरिक्त अभ्यास पुस्तिकासमेत पढाउँदै आएको सामाजिक अभियन्ता आनन्द साहले बताए । यसरी नियमित कक्षा सञ्चालन भएपछि फुर्सदमा जथाभावी खेल्ने, माछा मार्न जाने, जथाभावी घुम्नेलगायतका विद्यार्थीहरुका आदत सुध्रिएको अभिभावक विजय महतोले बताए। 'केही समयदेखिको मेरो छोराको व्यवहारमा परिवर्तन आएको छ। विहानै उठेर पढ्ने, गृहकार्य गर्नेगर्छ अनि नुहाएर ११ बजेदेखि हुँदै आएको कक्षामा सहभागी हुन जान्छ,' उनले भने । पछि समुदायस्तरमै कोरोना संक्रमण फैलिएको पाएपछि कक्षा बन्द भयो । तर अहिले फेरि घरमै बस्दा छोराको सुध्रिएको पढाइलेखाइ अनियमित भएको छ, उनले बताए।

सबैला नगरपालिका वडा नम्बर ४ को जरहैया टोलको गुलसन मदिना मदर्सामा भने नियमित रुपमा पढाइलेखाइ हुँदै आएको छ। मदर्सामा पढने करिव १ सय विद्यार्थी विहानै मदर्सामा आएर भौतिक दुरी कायम गरेरै पठनपाठन गर्छन् । मदर्साकी शिक्षिका शोभा महतोले अभिभावकहरुले नियमित रुपमा विद्यार्थी पठाउँदै आएकाले आफूहरुले विद्यार्थीको पढाइलेखाइ कहिल्यै बन्द नगरेको बताइन् ।

श्री जनता माध्यमिक विद्यालय मिथिला नगरपालिका-२ नक्टाझिजले भदौ २८ गते बैठक गर्दै कक्षा १ देखि कक्षा ८ सम्मका विद्यार्थीहरुलाई विहान ८ बजेदेखि ४ वटा सेन्टरमा पढाउने निर्णय गरि कक्षा सञ्चालन गर्दै आएको छ । स्थानीय एभरेष्ट युवा क्लव, शिक्षक हरिनारायण महतोको घर, वडा नं. ५ को सामुदायिक भवन र अरहुला राष्ट्रिय आधारभूत विद्यालयमा वैकल्पिक कक्षा संचालन भैरहेको छ।

कक्षा ९ र १० का विद्यार्थीहरुका लागि विहान १०:३० देखि श्री राष्ट्रिय आधारभूत विद्यालय नक्टाझिज-५ मा कक्षा सञ्चालन हुँदैआएको विद्यालयका निमित्त प्रधानाध्यापक श्यामकुमार यादवले बताए। विद्यालयमा नियमित रुपमा सवै विद्यार्थीहरुलाई एकपटक एउटै ठाउँमा राखेर पढाउन नसकिने भएकाले वैकल्पिक कक्षाहरुमार्फत् शिक्षण सिकाइको सुरुवात गर्नुपरेको उनको भनाइ छ । वैकल्पिक कक्षा सञ्चालनका लागि अभिभावकहरुको राम्रो साथ-सहयोग रहेको शिक्षक मनोजकुमार महतोले बताए । यसैले कक्षामा विद्यार्थीहरुको उल्लेख सहभागिता हुँदैआएको उनको ठहर छ।

विद्यालयका प्रअ र शिक्षकहरुको सक्रियतामा कोभिड-१९ को महामारीको वेलामा बैकल्पिक माध्यमबाट कक्षा शिक्षण हुँदा आफूहरुलाई निकै खुशी लागेको हिमालय युवा क्लवका अध्यक्ष अरुण कुमार महतोले बताए। अहिले बन्दाबन्दीले गर्दा ठप्प भएका शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यालयका शिक्षकहरुले पहल गर्न सकेको खण्डमा विद्यार्थीहरुको व्यवहारमा परिवर्तन भई विहान बेलुका भएपनि घरमा पढ्ने र वैकल्पिक कक्षाबाट शिक्षण सिकाइ हुनेमा आफू विश्वस्त रहेको बताएँदै उनले भने- 'यस्ता वैकल्पिक कक्षाहरु जिल्लाभरका सबै विद्यालयमा लैजान आवश्यक छ।'

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ स्थित श्री याज्ञवल्क्य संस्कृत नमुना माध्यमिक ज्ञानकूपले भने असोज १ गतेदेखि कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरुलाई अनलाइन प्रविधिमार्फत् पठनपाठन गराउँदै आएको छ। यद्यपि त्यस्ता इन्टरनेट कक्षामा सबै विद्यार्थीको पहुँच छैन । त्यसैले इन्टरनेट, मोबाइल, ल्यापटपसहितका उपकरण नभएका गरीव तथा विपन्न परिवारका विद्यार्थीका लागि भने शिक्षकहरुले असोज ९ गतेदेखि टोल टोलमै पढाउन थालेका छन् । शिक्षा विभागले आफनो वेव्साइटमा राखेको वैकल्पिक कक्षाको पाठ्यक्रमअनुसारको पाठ्यसामग्री आफूहरुले प्रिन्ट गरी किताव बनाएर भदौको अन्तिम हप्तामै वितरण गरिसकेको विद्यालयका प्रधानाध्यापक संजय झाले बताए।

याज्ञवल्क्य विद्यालयकै बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई पढाउन प्रधानाध्यापक संजयकुमार झासहित शिक्षकहरुको समूह विद्यार्थीहरुको घरघरमा पुग्नेगरेको छ। त्यसक्रममा कक्षा शिक्षणका भिडियो रेकर्डिङ्ग, नोटस्हरुसमेत निःशुल्क वितरण भइरहेको प्रधानाध्यापक झाले बताए । समुदायमै पुगेर अनलाइनबाट पढाइ लेखाइ हुने भन्दै विद्यालयले नयाँ भर्नासमेत खोलेको छ।

शिक्षकहरु घरमै आएर विद्यार्थीहरुलाई पढाउन थालेपछि आफूहरुलाई निकै खुशी लागेको अभिभावक महेश साहले बताए। लकडाउनले आर्थिक समस्या भएर छोरालाई ट्यूसनसमेत पढाउन नसक्ने अवस्थामा शिक्षकहरु घरमै आएर पढाउन थालेपछि आफूहरुलाई राहत महसुस भएको साहको अनुभव छ।

तर वैकल्पिक कक्षाका सेन्टर कायम गरी पढाउने वा नपढाउने कुरामा आफूहरु अन्यौलमा रहेको श्री माध्यमिक बुहप्राविधिक विद्यालय मुलावारीका प्रधानाध्यापक प्रदिप सिंहले बताए। उनले भने हामीलाई कक्षा शिक्षण सिकाई क्रियाकलाप नगर्नु भनेर पालिकाको शिक्षा शाखाले नै औपचारिक रुपमा परिपत्र गरेको छ। लकडाउन र जिल्लामा भएको निषेधाज्ञाका कारणले कोभिडको समयमा आएर शिक्षकहरुले विद्यार्थी पढाउन नसक्ने अवस्था भएपछि प्राविधिकतर्फका विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट पढाउँदै आएको उनको भनाइ छ । पालिकाले हामीलाई विद्यालय चलाउन अनुमति मात्रै दिएको खण्डमा फरक फरक समयमा वा, जोर विजोर गरी कक्षा संचालन गर्न सकिने उनले बताए।

शिक्षा विकास तथा समन्वय इकाइ धनुषा प्रमुख शिक्षा अधिकारी बरखुप्रसाद रजकले धनुषाको शहीद नगरपालिका, सवैला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, मिथिला नगरपालिका, जनकपुरधाम उपमहानगरपालिकालगायतलै कोभिडको समयमा वैकल्पिक कक्षाहरु संचालन गरेको जानकारी दिए।

कुनै पनि पालिकाले औपचारिक रुपमा शिक्षा विकास तथा समन्वय इकाइमा लिखित जानकारी नगराएको भए पनि शिक्षक, विद्यालय, स्थानीय तह र शिक्षाका अधिकारीहरुले वैकल्पिक कक्षा सञ्चालन गर्ने निर्णयको माइन्युट, कक्षाको फोटो र अनुगमनका समाचार सामाजिक सञ्जालमा पोष्ट गरेको देख्दा खुशी लागेको बताए । उनले भने, 'म आफैंले पनि मुसहरनियाको तुलसीयाही, धनुषाधाम नगरपालिकाको धारापानीलगायतका केही पालिकाहरुमाअनुगमनगरें।कोभिड-१९ को प्रभाव रहुञ्जेलसम्म यस्तै वैकल्पिक कक्षा शिक्षण गर्नुको विकल्प छैन।'






**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# दलितलाई अवसर र न्याय देउ

नेपालको तराईका दलितहरु अझै उत्पीडनमा छन् ।दलितहरु छुवाछुत, बोक्सी, बलात्कार, हत्या जस्ता जघन्य अपराधिक घटनाहरुको शिकार भएपनि न्याय पाइरहेका छैनन् ।दलितहरु न्यायका लागि आन्दोलित छन् ।प्रहरी हिरासतमा दुई जना दलित युवाको शंकाष्पद मृत्यु भएकोछ ।धनुषा जिल्लाको सबैला र रौतहट जिल्लाको गरुडाको हिरासतमा भएको घटनामा न्यायका लागि दलितहरु कम्ति आन्दोलन गरेनन् ।तर अझै न्याय पाइसकेको छैन् ।बलात्कार, हत्या, महिलासितको दुरव्यवहारका घटनाहरु धेरै छन् ।केहि घटनाका अपराधीलाई कानुनको दायरामा ल्याइएको छ ।तर अझै धेरै घटनाका दोषीहरु कानुनको दायरा भन्दा बाहिर छन् ।प्रहरी प्रशासनमा बढदो राजनीतिक हस्तक्षेप र प्रशासनिक अधिकारीहरु सत्तारुढ दलका कार्यकर्ताको रुपमा सकृय भएकाले दलितहरु न्याय पाउन सकिरहेको छैन् ।दलितहरुलाई समाजिक र कानुनी न्याय चाहिन्छ ।२१ औं शताब्दीमा दलितहरुसित हुने उत्पीडन सभ्य समाजका लागि लज्जाष्पद हो ।दलितहरु नै बोक्सी हुने, उनीहरुसित अनेकौ विभेद हुने, सरकारी अवसरबाट बञ्चित गरिने, बलात्कारको शिकार बनाइने, अनेकौ प्रकारले महिलालाई प्रताडित गरिने घटनाहरु रोकिएको छैन् ।वर्षौदेखि अवसरबाट बञ्चित गरिएको दलितहरुलाई अझै देशको मुलप्रवाहमा सहभागि हुन दिएको छैन् ।दलितहरुका लागि छुटटयाइएको अवसरमापनि तराइका दलितहरु समानताको अवसर पाउन सकेको छैन् ।दलितहरुलाई उपेक्षित गरिएकोछ ।रौतहट र धनुषा जिल्लामा मात्र नभै प्रदेश २ को सबै जिल्लामा दलितहरु सबै प्रकारका उत्पीडनको मारमा छन् ।उनीहरुसित भइरहेको विभेदलाई समाप्त गर्नुपर्छ ।दलितहरुमा जागरुकता देखिन थालिएकोछ ।उनीहरुमा क्षमता नभएको होइन् ।अवसर नपाएर क्षमता देखाउन सकेको छैन् ।दलितहरुलाई शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा विशेष प्राथमिकता दिनु आवश्यक छ ।दलितहरु समाजिक रुपमा मात्र नभै राज्यबाट समेत विभेदमा पारिएका छन् ।राज्यले उनीहरुलाई अवसरबाट बञ्चित गरेकोछ ।कानुनमा छुवाछुत अन्त्य भएपनि समाजमा हटेको छैन् ।कानुनले बोक्सीको आरोप लगाउनेलाई कडा कार्वाही हुने भनेपनि दलित महिलाहरु बोक्सीको शिकार भइरहेका छन् ।बलात्कृत दलित महिलालाई गाउँमै प्रलोभन र प्रभावमा पार्ने काम गरिन्छ ।कानुन सम्म आउनै नसक्ने अवस्था हुन्छ ।केहिगरि कानुन सम्म आइपुगेपनि न्यायका लागि कठिन संघर्ष गर्नुपर्छ ।राजनीतिक दलका नेताहरुले दलितको पक्षमा निहित स्वार्थका लागि मुख खोलेपनि अधिकांश दलितहरुले राजनीतिक समर्थन नपाएर नै न्यायबाट समेत बञ्चित हुने गरेका छन् ।दलितहरु अब जागरुक भएर सडकमा उत्रेका छन् ।उनीहरुले समाजिक र कानुनी न्यायका लागि लडन थालेका छन् ।दलितलाई अबपनि अवसरबाट बञ्चित गरिए स्थिति अनियन्त्रित हुन सक्छ ।क्षमता प्रदर्शन गर्ने अवसर नदिइकनै कमजोर भन्न पाइदैन् ।दलितहरुले हरेक परिवर्तनको आन्दोलनमा उलेख्य सहभागिता जनाएका छन् ।तर उनीहरु राजनीतिक अवसर भने पाएनन् ।कथित उच्च जातिले दलितहरुलाई पछाडी पारेका छन् ।सत्तामा रहेका नेताहरुले नै शासन, प्रशासन चलाउने भएकाले उनीहरु द्यलितको आवाजलाई अब नसुनेको जस्तो गरे समग्रमा ठूलो मुल्य चुकाउनु पर्नेछ ।

# भूस्वामित्वको समाजवादी मोडेल

नेपाल सरकारले अगाडी सारेको भूमि बैंकको सैद्धान्तिक अवधारणालाई समाजवादोन्मुख अर्थतन्त्रको रुपमा यसरी दावी गरीरहेको छमानौ देशको भूउपयोगनीतिमा व्यापक परिवर्तन हुँदैछ । अब्बल, दोयम, सीम र चाहारको रुपमा वर्गीकरण गरिएको पम्परागत् वर्गीकरणको ठाउँमा कृषिक्षेत्र, आवासीयक्षेत्र, व्यावसायीक्षेत्र, औद्योगिकक्षेत्र, खानी तथा खनिजक्षेत्र, वनक्षेत्र, नदी, खोला र सिमसारक्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, साँस्कृतिक र पुरातात्विकक्षेत्र, र सरकारले तोकेको अन्य क्षेत्र गरी दसवटा क्षेत्रमा परिमाजित वर्गीकरण गरेको देखेर सरकारले भू उपयोगनीतिमा व्यापक परिवर्तन गर्नथालेको भान पर्नसक्छ । अझ कृषियोग्य जग्गा बाँझो राख्न नपाइने जस्ता प्रावधानहरुले सरकारले भू उपयोग नीतिमा प्रगतिशील बाटो समाएको जस्तोपनि देखिन्छ । यद्यपि सरकारको यस नीतिप्रति सत्ताधारी पार्टीभित्र नै समर्थन र विरोधको कित्ताबन्दी देखिएको छ । यसलाई एउटा पक्षले यसलाई नवउदारवादी र अर्कोले समाजवादसम्मत भनिरहेको छ । भूमिबैंकको अवधारणाको पक्षमा दृढतापूर्वक उभिएकी भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्यालले उत्साहपूर्वक'भूमिबैंकको समाजवादी मोडेल' भनेर लेख नै लेखिन । उनको विचारमा भूमिको खण्डीकरण रोक्नु, भूमिको चकलाबन्दी मार्फत कृषिक्षेत्रको उपयोग बढाउनु, कृषिको आधुनिकीकरण र यान्त्रिकीकरणतर्फ अभिप्रेरित गर्नु, वास्तविक किसानहरुलाई उत्पादनमा प्रेरितगरी राज्यले व्यवस्थापनको आवश्यक प्रबन्ध गर्नु भूमिबैंकको मूख्य ध्येय रहेको र यसै कारण यो समाजवादी भूउपयोगको मोडेल नीति हो । यद्यपि एकातिर भूमिको चकलाबन्दीको कुरा गर्नु र अर्कोतिर विगतको निर्णयहरुलाई खारेज गरी कित्ताकाटको नयाँ निर्णय गरेर भूमाफियाहरुलाई प्रोत्साहित गरेको भनि भूमिव्यवस्था मन्त्री विविधप्रकारको आरोप र आलोचनाको केन्द्रमापनि छिन् ।

भर्खरै राष्ट्रपतिबाट स्वीकृति पाएको भूमिबैकंको प्रावधानमा कृषि योग्य जग्गाबाँझो न राख्ने उद्देश्यले आफूले खेती गर्न नचाहने ठूला किसानहरुको जग्गा शूल्क दिएर वा लीजमा लिएर भाडामा अन्य किसानलाई दिने, सरकारीस्वामित्वको उपयोगमा न आएका जग्गाहरु भाडामा लगाउने र नदी-नालाबाट उकासिएका जग्गाहरु उपयोग गर्ने नीतिलाई मूख्य मानेको देखिन्छ । संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त लगानीमा रहने भूमिबैंकको नीति मार्फत बाँझो जमीन राख्नेलाई जरिवाना र कार्वाही गर्ने प्रावधान ल्याउन लागेको सरकारको दावी सकारात्मक देखिएको छ । तर शूल्क तिरेर वा लीजमा जग्गा लिएर खेतीगर्न चाहनेलाई दिलाउनुले सरकार साना किसान र कृषिमजदूरको हितभन्दापनि ठूला किसानको जग्गाको संरक्षकको रुपमा बढी देखिन्छ ।

सरकारले कोरोना महामारीको कारण विदेशबाट देशमा भित्रिएको श्रमशक्तिलाई वैकल्पिक रोजगारको रुपमा कृषितर्फ आकर्षित गर्नलाईपनि यो अवधारणा ल्याइएको तर्क गर्दैछ ।

तर वैदेशिक रोजगारमा आकर्षित श्रमशक्ति जसरी फेरी विदेशिने प्रयासमा देखिन्छ, त्यसले सरकारको अपेक्षा पूरा हुने सम्भावना कमै देखिन्छ । अर्कोतिर सत्ता र नोकरशाहीमा दलालपूँजीपतिले सृजना गरेको आर्थिक लोभीपनले राज्यले सिर्जना गरेको अवसरसम्म गरीबवर्गको पहुँचको चुनौती उत्तिकै छ ।बरु अस्पष्ट नियम र कार्यविधिको अभावमा यसको फाइदा दलालपूँजीपति र नोकरशाहवर्गले उठाउने सम्भावना नै बढी छ ।

के सरकारले ल्याएको भूमिबैंक समाजवादी भूउपयोग नीतिभित्र पर्छ ? त्यस्तो देखिँदैन । वस्तुतः समाजवादमा भूउपयोगको नीति जग्गामा श्रमजीविवर्गको स्वामित्व कायम गर्नु र उनिहरुलाई ज्यालाको निम्ती कामगर्ने मजदूरभन्दापनि उत्पादनको हिस्सेदारमा परिणत गर्नु हुनेगर्छ । यसैकारण समाजवादीसत्ता स्थापित भएपछि समाजवादी सरकारले ठूला किसान र जमिन्दारवर्गको जग्गा बिना मुआब्जा कब्जा गरी सानाकिसान तथा खेतीगर्न चाहने गरीब श्रमजीविवर्गबीच सामुहिकी वा सहकारितामा वितरण गर्ने गर्छ ।

समाजवादको मूल उद्देश्य नीजिस्वामित्वको अन्त तथा उत्पादनका साधनहरुमा श्रमजीविवर्गको साझास्वामित्व कायम गर्नु हुनेगर्छ । बुर्जूआ लोकतान्त्रिक राज्यमा ठूला किसानहरुको जग्गा बिना मुआब्जा कब्जागर्न कठिन छ । तर यस व्यवस्था अन्तर्गतपनि कदाचित कुनै सरकारले आफूलाई समाजवादोन्मुख भन्छ भने उसले कानून बनाएर ठूलाकिसानलाई आफै खेती गर्न वा जग्गा सरकारको जिम्मा लगाउन बाध्य गर्न सक्नुपर्छ । ठूलाकिसान अथवा जमिन्दारहरुको जग्गा शूल्कतिरेर वा लीजमा लिएर अन्यलाई वितरण गर्नुले प्रकारान्तरमा निजीपूँजी र निजी स्वामित्वलाई प्रोत्साहित गर्नु नै हुनेछ र यो समाजवादी उद्देश्यको विपरीत देखिन्छ ।



रोशन जनकपुरी

> *समाजवादीराज्यको भूमिनीतिको उद्देश्य निजीस्वामित्वको अन्त र राज्य मातहत सामूहिकस्वामित्वको स्थापना हो । त्यसैगरी पूँजीवादीराज्यको भूमिनीतिको उद्देश्य स्वतन्त्र अर्थतन्त्र मातहत निजीपूँजी र निजीस्वामित्वलाई संस्थागत गर्नु हो । पूँजीवादमा संस्था भनेको नाफा कमाउने बजार हुन्छ, त्यसैले निजीपूँजी र स्वामित्वलाई संस्थागत गर्नु भनेको बजारलाई कायम राख्नु हो ।*

समाजवादी होस वा पूँजीवादी, हरेक राज्यले उपयोगगर्ने भूमि नीतिका आफ्नै शैली र कारण हुने गर्छन् । समाजवादीराज्यको भूमिनीतिको उद्देश्य निजीस्वामित्वको अन्त र राज्य मातहत सामूहिकस्वामित्वको स्थापना हो । त्यसैगरी पूँजीवादीराज्यको भूमिनीतिको उद्देश्य स्वतन्त्र अर्थतन्त्र मातहत निजीपूँजी र निजीस्वामित्वलाई संस्थागत गर्नु हो । पूँजीवादमा संस्था भनेको नाफा कमाउने बजार हुन्छ, त्यसैले निजीपूँजी र स्वामित्वलाई संस्थागत गर्नु भनेको बजारलाई कायम राख्नु हो ।

आफूलाई समाजवादोन्मुख भन्ने केही प्रगतिशील लोकतान्त्रिक राज्यहरुमा मिश्रित अर्थव्यवस्था अपनाएको पाइन्छ । यस्तो राज्यमा व्यक्तिको प्रेरणा र प्रयासलाई एउटा सीमासम्म छूट हुन्छ र कतिपय आर्थिक संशाधनहरुमा व्यक्तिगत र राजकीय संयुक्तस्वामित्व कायम रहने गर्छ । तर यो एउटा अत्यन्त जोखिमपूर्ण प्रणाली हो । अहिलेसम्मका प्रयोगहरुले यस्तो राज्य प्रायः पूँजीपतिकै पक्षमा गएको पाइएको छ । वर्तमान युगमा नवउदारवादी पूँजीवादले यस्तै यस्तै प्रणाली अपनाएर कल्याणकारी राज्यको भ्रम छर्नेगरेको पाइन्छ ।

पूँजीवादी राज्यमा व्यक्ति आफ्नो स्थायी सुरक्षाको निम्ती उत्पादनका साधनहरुमा स्वामित्व कायम गर्न चाहन्छ । पश्चिमा पूँजीवादी देशहरुमा व्यक्तिगतस्वामित्वको आधारमा ठूलो फार्म (चकला)को रुपमा खेतीगर्ने गरिन्छ । भूस्वामीले श्रमशक्ति बाहेक अन्य उत्पादनका सबै साधनहरुमा विनियोजन गर्छ । श्रमशक्ति भने मजदूरहरुलाई ज्याला दिएर प्राप्त गरिन्छ ।

पूँजीवादमा खेती बाँच्नका लागी वा सामाजिक हितको निम्ती होइन, आर्थिक लाभको निम्ती गरिन्छ ।आर्थिक लाभको निम्ती जग्गामा आर्थिक लगानी गरिने हुनाले जग्गामा आर्थिकमूल्य प्रतिस्थापित हुन्छ र प्रतिस्पर्धाको कारण जग्गाको मूल्य महँगो हुँदै जान्छ । यसैकारण गरीववर्गको निम्ती खेती र जग्गाको स्वामित्व दुबै, पहुँचबाट बाहिर हुनजान्छ र उनिहरुको जग्गासंगको सम्बन्ध ज्यालामा आधारित खेतीहर मजदूरमात्रमा सीमित रहन्छ ।

जग्गामा व्यक्तिगत स्वामित्वको श्रृङखला केही खुकुलो भएको केही पश्चिमा नवउदारवादी कल्याणकारी राज्यहरुपनि अन्ततः पूँजीवादीराज्य नै भएकोले यहाँपनि पूँजीपति र निजीस्वामित्व नै निर्णायक हुने गर्छ । यस्तोमा गरीब श्रमजीविवर्गको शोषण र उत्पीडनमा खासै फरक पर्दैन ।

नवउदारवादी पूँजीवादी राज्यहरुले सार्वजनिक, निजी र साझेदारी जस्ता भ्रमपूर्ण आर्थिकनीति सारेर आफूलाई कल्याणकारी राज्यको भ्रम सिर्जना गरेपनि श्रमजीविवर्गमाथीको शोषण झन्झन् विकराल हुँदैगएको छ । फ्रान्स, इटाली, ब्रिटेन र अमेरिकामा बेलाबेलामा मजदूर र उत्पीडितसमुदायको आक्रोश बेलाबेलामा सरकारसंग हिंसक झडपमापरिणत भइरहनु यसैको परिणाम हो । नवउदारवादको यो शोषणपद्धति भूमीउपयोग नीतिमा पनि देखिने गर्छ । शोषणको अन्यरुप जस्तै भूस्वामित्वको यस असमान र विभेदकारी स्थितिबाट उत्पन्न जनआक्रोश मत्थर पार्न पूँजीवादी राज्यहरुले समेत भूमिसुधारका विभिन्न कार्यक्रमहरु अगाडी सार्ने गर्छन् । भूमिसुधारका यी कार्यक्रमहरु पहिलो नजरमा यथास्थितिमा प्रगतिशील देखिएपनि भूस्वामित्वको स्थितिमा धनिवर्गको हात माथी नै रहनुले स्थितिमा खासै परिवर्तन आएको हुँदैन ।

इरानमा अयातुल्लाहको नेतृत्वमा इस्लामी क्रान्ति सम्पन्न भएपछि सरकारले ठूलाकिसानहरुबाट जग्गा किनेर खेतीगर्न चाहने किसानहरुलाई जिविका चल्नेजति जग्गा वितरण गर्‍यो । वितरित जग्गाको मूल्य सम्भावित वार्षिक उत्पादनमूल्यको दसगुणा तोकियो । २५वर्षभित्र भुक्तानी गर्नुपर्ने जग्गाको मूल्य नतिरेसम्म जग्गाको स्वामित्व हस्तान्तरण नगरिने प्रावधान राखियो ।

भूस्वामित्वबारे यस्तै यस्तै व्यवस्था जापानलगायत कयौं देशमा गरिएको पाइन्छ । अमेरिकामा भूस्वामित्व अनिवार्यरुपमा निजी स्वामित्वको रुपमा स्वीकार गरिएको छ ।

नेपालमा आर्थिकमूल्यको रुपमा जग्गाको स्वामित्वको प्रश्न सुगौलीसन्धी पछि ब्रिटिस भारतको सरकारसंगको सम्बन्धपछि विचार गर्न थालिएको पाइन्छ ।

जतिबेला राणा शासकहरुले नेपालको जंगल दोहन गर्न ब्रिटिस सरकार र भारतीय जमिन्दारहरुलाई भाडामा दिनथाले । त्यसरी नै भारतीय किसानहरुलाई तराईको जङ्गलफँडानी गरेर खेतीयोग्य बनाउन र खेतीगरेर कूत बुझाएसम्म स्वामित्व कायम रहने व्यवस्था गरे ।सुगौलीसन्धीभन्दा पूर्व शाहवंशीशासन र त्यसभन्दापनि पहिलेका शासनहरुमा किसानहरुका निम्ती जग्गाहरुको आर्थिक मूल्य न्यून र गौण जस्तै थियो, किनभने त्यतिबेला जग्गाहरु प्रायः राजा, जमिन्दार, राजाका भारदार, पुरोहित र सेनाका अधिकारीहरुको स्वामित्वमा थियो र किसानहरुसंग कुत बुझाएर खेती गर्ने अधिकार मात्र थियो । उनिहरु खेत बेच्न सक्दैनथे । किसानहरुले खेत बेच्नपाउने अधिकार क्रमशः०७सालको स्वतन्त्रतापछि नै देखिन थालेको हो ।

राजनीतिक चेतनाको विकासले जग्गामा किसानहरुको अधिकारको प्रश्नमा किसानसंघर्षहरु तिव्र हुँदैगएपछि ०१७ साल र त्यसपछिका राज्यहरुले जग्गामा किसानहरुको मोहियानीहक कायम गर्ने लगायतका भूमिसुधारका कार्यक्रम ल्याउन बाध्यभएको हो । तर विगतमा भएका भुमिसुधारका कुनैपनि प्रयासहरुले श्रमजीविवर्गलाई ज्यालापाउने मजदूरबाट भूमि उत्पादनको साझेदारमा परिणत गर्न सकेको छैन ।

अहिले ठूलाकिसानहरुसंग मुआबजादिएर वा लीजमा लिएर खेती गर्न चाहनेलाई जग्गा वितरण गर्ने वर्तमान सरकारको भूमिबैंकको अवधारणापनि यस्तै यस्तै खालको योजना हो ।

समाजवादी कोणबाट हेर्ने हो भने निजीस्वामित्वलाई कायम राखेर गरिने भूमिसुधारका जुनसुकै विधि अपनाएपनि त्यसमा पूँजीवादी तत्व कायम नै रहन्छ । यस विधिमा जग्गा पाउनेमा पनि किन, बेच, नाफा जस्तो पूँजीवादी प्रेरणा कायम नै रहन्छ । यसले एकातिर आफै खेती नगर्ने जमिन्दार वा ठूलाकिसानलाई जग्गाको मूल्य तिरेमा उसको पूँजीको हैसियतमा फरक पर्ने छैन, अर्कोतिर स्वामित्वको क्षेत्रमापनि खासै परिवर्तन आउने देखिँदैन ।

समाजवाद यसभन्दा भिन्न र अग्रगामी प्रणाली हो, जस्मा निजी स्वामित्वलाई नियन्त्रण गर्दै अन्तमा पूर्णतः समाप्त पारेर सम्पूर्ण समाजलाई एउटा निश्चित दिशामा डोर्‍याउँछ, जहाँ सम्पूर्ण समाजको हित जोडिएको हुन्छ ।

तपाँईले विचार गर्नु भयो भने अहिले मन्दिर, गुठी वा कुनै सार्वजनिकसंस्थाको जग्गा होस वा समाजका कमजोरवर्ग र दलितसमुदायको जग्गाहरुमा भूमाफियाको षडयन्त्र र उत्पीडन तथा भ्रष्टाचारको कारण जग्गामा प्रतिस्थापित आर्थिक मूल्य र निजीभूस्वामित्व नै हो । जग्गाको आर्थिकमूल्य हटाईदिने हो भने वा जुनसुकै प्रकृतिको जग्गाभएपनि यस्को खरिद-बिक्रीमा पूर्णतः प्रतिबन्ध लगाईदिने हो भने भ्रष्टाचार, कमजोरवर्ग तथा दलितप्रतिको उत्पीडनमा एक हदसम्म कमी आउने देखिन्छ । कम से कम भूमाफियाको उत्पीडनबाट त अवश्य नै जोगिन्छ । अहिले भूमाफिया र त्यसको इशारामा सक्रिय भ्रष्ट नोकरशाह देशव्यापी चुनौतीको रुपमा देखिएको यथार्थ सबैको सामू नै छ ।

भूस्वामित्वको क्षेत्रमा आपसी सम्बन्धमा तीखो संघर्ष अथवा कमजोरवर्ग माथीको उत्पीडन ग्रामीण क्षेत्रमा बढी देखिन्छ । ग्रामीण क्षेत्रमा प्राचीन र मध्ययुगीन साँस्कृतिक आधारहरुले आर्थिक स्तरीकरण कायम गरेको छ । विशेषगरेर तराई मधेशमा, जहाँ भूमिको आर्थिकमूल्य उच्च हुनेगर्छ । हाम्रा पारम्परिक सम्बन्धहरु जाति र धर्मको आधारमा निर्मित छन् । त्यसैले यहाँ आर्थिक शोषणमा स्वाभाविकरुपमै जाति र धर्मको पनि हिस्सेदारी हुनेगर्छ । शासनसंग नजिक रहने उच्चजातिका हरुसंग बढी जग्गा हुनु र दलित लगायत श्रमजीवि वर्ग र समुदायको ठूलो हिस्सा भूमिहीन हुनु यसैको परिणाम हो । भूस्वामित्वको यसै स्थितिको कारण समाजको ठूलो भूमिहीन हिस्सा तथा निम्नवर्गमाथी उच्चवर्गको आर्थिकशोषण कायम रहन्छ । जोसंग जग्गा छ, उसले थोरै जग्गा हुने वा भूमिहीनलाई अनेक किसिमबाट शोषण गर्छ र अनेक उपाय गरेर भूस्वामित्व वृद्धिको प्रयास गरिरहन्छ ।

पूँजीवादी व्यवस्थामा आपसी सम्बन्धहरु व्यक्तिगत हुन्छन् । धनवृद्धिका व्यक्तिगत प्रयास र प्रतिस्पर्धा विपरीतवर्गमा आर्थिक शोषण बढाउँछ । यस्को विपरीत सामूहिक र सामाजिक स्वामित्वको समाजवादी प्रयासहरुले निजीस्वामित्व र त्यसैले पूँजीवादी श्रृङखलाहरुलाई कमजोर बनाउँदै लैजान्छ ।

तर लोकतान्त्रिक राज्यहरुमा एकैपटक सम्पूर्णभूमिको स्वामित्व राज्यको जिम्मा लगाउन कठिन देखिन्छ । यस्तोमा समाजवादलाई लक्ष्य बनाउने राज्यले भूमिमाथीको पूँजीवादी सम्बन्ध कमजोरपार्न जग्गालाई गाउँको जिम्मा लगाउनु तात्कालिक विकल्प हुनसक्छ । तर पूँजीवादी सम्बन्धहरुको समापनको अन्तिम विकल्प समाजवाद नै हो भन्ने बुझ्नु आवश्यक छ ।

सरकारले महत्वाकांक्षी योजनाको रुपमा सार्न खोजेको भूमिबैंकको योजना पहिलो नजरमा प्रगतिशील र किसानको हितमा देखिएपनि भूस्वामित्वको दृष्टिले ठूला किसानहरुको संरक्षक र नवउदारवादी कार्यक्रम नै देखिन्छ । यसले भूस्वामित्वको अर्थमा गरीबकिसानहरुलाई उत्साहित गराउने देखिँदैन ।

बरु यसले पूँजीपतिहरुलाई अनेक निहुँमा ग्रामीण जग्गाहरुमा पहुँचको बाटो सहज पार्ने देखिन्छ छ । उल्लेखनीय छ, यसप्रकारका योजनाहरु फिलीपीन्स लगायत कयौं अल्पविकसित र गरीब देशहरुमा विफल भइसकेका छन् । समाजवादी मोडेल सोच्ने हो भने आफूलाई पूँजीवादी सम्बन्धहरु भन्दा विपरीत उभ्याउनसक्नु पर्छ । होइनभने भ्रममात्र सिर्जना हुनेछ ।

# पैसाको लोभमा बिनातालिम युद्ध

*मोहम्मद इब्राहिम*
*बीबीसी अरेबिक*

"हामी लडाइँ गर्न जाँदैछौं भन्ने मलाई थाहा थिएन," अब्दुल्ला (नाम परिवर्तन) ले एउटा सन्देश पठाउने एपमार्फत् मलाई भने ।

हाम्रो कुराकानी अनियमित र अस्वाभाविक छ। एकजना पत्रकारसँग आफू सम्पर्कमा रहेको आफूभन्दा माथिकाले थाहा पाए के गर्लान् भनेर उनी त्रसित छन् । "उनीहरूले २,००० डलर दिएर अजरबैजानको सीमास्थित सैन्य शिविरको सुरक्षाका लागि जान हामीलाई भनेका थिए," उनले भने।"त्यतिबेला त्यहाँ युद्ध भएको थिएन र हामीले कुनै सैन्य तालिम पनि पाएनौं।"

त्यसको एक सातामा यी सिरियाली युवक लडाइँका लागि त्यहाँ पुगे जुन ठाउँ उनले बुझेका थिएनन् र त्यो देशमा उनी पहिला कहिल्यै गएका पनि थिएनन् ।उत्तरी सिरियाका धैरै बासिन्दाजस्तै अब्दुल्ला पनि गरिब र युद्धका पीडित हुन्। हालै गरिएको एक सर्वेक्षणमा भाग लिएका मध्ये ८१ प्रतिशत मानिसले आफूहरू महिनाको ५० डलरभन्दा कम तलब पाउने गरेको बताएका थिए ।

अब्दुल्लाले अजरबैजानको सीमास्थित "सैन्य अड्डा" मा गए एक सातामा त्यसको ४० गुना तलब दिने प्रस्ताव पाए। उनले त्यसलाई सजिलै स्वीकार गरे ।

"त्यतिबेला त्यहाँ युद्ध थिएन। हामीलाई उत्तरी सिरियाबाट आवर केल्स गाउँमा पठाइयो। त्यहाँ हामीलाई कसैले नचिनोस् भनेर विपक्षी सिरियन न्याशनल आर्मीले हाम्रा सबै सामान, फोन, पैसा र लुगा जफत गरे ।"तर अब्दुल्लाले जसतसो आफ्नो फोन हात पारे । "त्यसपछि हामीलाई दक्षिण टर्कीमा रहेको एन्टेप विमानस्थलमा पठाइयो, जहाँबाट एक घण्टा ४० मिनेटमा हामी इस्तानबुल विमानस्थल पुग्यौं। र, त्यहाँबाट अजेरी वायुसेवामार्फत् हामीलाई अजरबैजान पठाइयो। अनि हामी सीमास्थित सेनाको चौकीमा पुग्यौं। हामीलाई कुनै सैन्य तालिम दिइएन ।"

अब्दुल्ला रहेको नागोर्नो(क्याराबाख क्षेत्र दशकौं लामो द्वन्द्वको केन्द्रबिन्दुमा छ ।पहाडी भूभाग रहेको उक्त क्षेत्रलाई अन्तर्राष्ट्रिय रूपमा अजरबैजानको हिस्सा भनेर मान्यता दिइएको छ तर त्यहाँ आर्मीनीयाका जातीय पृथक्तावादी समूहले कब्जा गरेका छन् । दुवै देशले उक्त क्षेत्रमा सन् १९८० को दशकको अन्त्यदेखि सन् १९९० को सुरुसम्म रक्तपातपूर्ण युद्ध गरेका



थिए ।उक्त युद्धका क्रममा दशौं हजार मानिसको ज्यान गएको थियो भने करिब १० लाख मानिस विस्थापित भएका थिए ।

उनीहरूले युद्धविरामको घोषणा गरे पनि कहिल्यै शान्ति सम्झौतामा सहमति जनाएनन्। बेलाबेला तनाव देखा परिरहन्थ्यो ।

सेप्टेम्बर २७ आइतवार। अब्दुल्ला झन्डै एक सातादेखि शिविरमा थिए। अन्य सिरियालीजस्तै उनी पनि त्यहाँ लड्नका लागि नभई पैसाका लागि गएका थिए ।तर आश्चर्यजनक रूफमा उनलाई त्यो ठाउँ छिट्टै छोड्न भनियो ।

"सैन्य टोलीलाई बोक्ने गाडीमा उनीहरूले हामीलाई हाले, हामीले अजरबैजानका मानिसले लगाउने लुगा लगाएका थियौं, हामी प्रत्येकसँग कालास्निकोभ थियो ।"

"कार रोकियो र अग्रमोर्चामा आफूलाई पाएर हामी चकित भयौं। हामीलाई शत्रुअरू कहाँ थिए भन्ने पनि थाहा थिएन। त्यसपछि बम आक्रमण सुरु भयो, मानिसहरू डरले रोइरहेका थिए र घर जान चाहिरहेका थिए। हामी बसेकै छेउमा गोलाबारी भयो र त्यसमा चारजना सिरियाली मरे र तीन जना घाइते भए ।"

त्यसको केही दिनमा आफूले १० सिरियालीको शव देखेको अब्दुल्लाले बताए ।उत्तरी सिरियामा रहेका स्थानीय स्रोतहरूले बीबीसीलाई बताएअनुसार अजरबैजानमा ज्यान गुमाएका सिरियालीहरूको अवस्थाबारे सिरियामा रहेका उनीहरूका परिवारलाई हतपत भनिँदैनथ्यो ।

अब्दुल्लाले अन्य ७० जना घाइते भएका र उनीहरूले आवश्यकताअनुसार स्वास्थ्य उपचार नपाएको बताए ।

लडाइँका लागि अजरबैजानको सीमामा ४,००० सिरियाली नागरिकलाई पठाएको आरोप आर्मीनीयाले लगाएको छ ।तर टर्कीले त्यो दाबी अस्वीकार गर्दै आएको छ ।

अजरबैजानका राष्ट्रपति इल्हाम अलिएभले आर्मीनीयाको द्वन्द्वमा टर्कीको केवल नैतिक समर्थनमात्रै रहेको बताएका छन् ।

टर्की र अजरबैजानबीच राजनीतिक, जातिय र सांस्कृतिक रूपमा निकट सम्बन्ध छ ।तर टर्कीमार्फत् सिरियालीलाई आफ्नो देशबाहेक लड्नका लागि पठाइएको आरोप पहिलो पटक लागेको होइन ।

गत मे महिनामा सार्वजनिक भएको संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनले उत्तरी सिरियाका लडाकुहरूलाई टर्की हुँदै लिबियाको पहिलो गृहयुद्धमा लड्नका लागि पठाइएको जनाएको थियो ।

ट्रिपोलीमा रहेका सिरियाली लडाकुको भिडिओले आक्रोश निम्त्याएको थियो र द्वन्द्व भड्काएको आरोप टर्कीमाथि लागेको थियो ।

सिरियन अब्जर्भेटरी फर ह्यूमन राइट्सका निर्देशक रमी अब्दुल रहमानले लडाकुलाई अजरबैजानमा पठाउने कि नपठाउने भनेर सिरियाका सशस्त्र विपक्षीहरू विभाजित रहेको बताए ।केही क्षणपछि मैले अब्दुल्लाबाट केही पनि खबर पाइनँ ।

मलाई लाग्यो सायद उनको फोन खोसियो वा मसँग संवाद गरेको पत्ता लगाएर उनले हप्की खाए ।तर त्यो ठाउँमा इन्टरनेट कनेक्शन कमजोर भएकोले सम्पर्क गर्न कठिन भएको हुनसक्ने सम्भावना धैरै छ ।

ओली-दाहाल भेट सम्पन्न

# मुख्यमन्त्री शाहीविरुद्धको अविश्वासको प्रस्तावबारे दाहाल रुष्ट

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डमाथि फेरि नयाँ प्रहार भएको छ । उनी निकट कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीमाथि नेकपाकै प्रदेशसभा सांसदहरुले आइतबार अविश्वासको प्रस्ताव दर्ता गरेका छन् । छापामार शैलीमा दर्ता भएको अविश्वासको प्रस्तावलाई शाहीले आफूविरुद्धको षड्यन्त्र भनिसकेका छन् ।

शाहीमाथिको अविश्वासको प्रस्ताव अर्थपूर्ण छ । यामलाल कँडेललगायतले दर्ता गरेको अविश्वासको प्रस्तावको उद्देश्य नेकपाको केन्द्रीय राजनीतिसम्म जोडिएको छ । कँडेल पक्षले शाहीले मनोमानी गरेर प्रदेश सरकार चलाएको र विगतमा आधा आधा कार्यकाल चलाउने सहमति भएअनुसार पालना नगरिएको विषय उठाएको छ । कँडेल पनि मुख्यमन्त्री दाबेदार रहेकोमा पूर्व एमाले र पूर्व माओवादीबीच चार र दुई मुख्यमन्त्रीहरु बाँडफाँड भएको थियो । तर, कँडेलसँग आधा आधा कार्यकाल चलाउने सहमति भएको विश्वस्त स्रोतले जानकारी दिएको छ ।

बहाना जे गरिएपनि मुख्यमन्त्री शाहीविरुद्धको अविश्वासको प्रस्तावलाई प्रचण्डमाथिको प्रहारका रुपमा पूर्व माओवादीले बुझ्न थालेका छन् । यसलाई प्रचण्डले पनि गम्भीर रुपमा लिएका छन् ।

विगतमा प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा मागेका प्रचण्डले सरकार सञ्चालनमा आफ्नो असन्तुष्टि पोख्दै आएका छन् । त्यही शैलीमा ओली पक्षधरले प्रदेशहरुमा प्रचण्ड पक्षधर मुख्यमन्त्रीहरुलाई अप्ठ्यारोमा पार्ने रणनीति बनाएका छन् ।

मन्त्रिमण्डल पुर्नगठन देखि राजदूत नियुक्तिका विषयमा प्रचण्डले असन्तुष्टि पोखेर आक्रामक बनिरहँदा ओली पक्षले कर्णाली प्रदेशमा अविश्वासको प्रस्ताव दर्ता गराएर ध्यान मोडिदिएको छ । अर्कोतर्फ, प्रचण्डलाई फेरि रक्षात्मक बनाइदिएको छ । आक्रामक बन्दै जाँदा प्रचण्डलाई एउटा उचाईमा पुगेपछि फेरि रक्षात्मक बनाइदिने ओली रणनीति देखिदै गएको छ ।

यसअघि दुईपटक ओलीको राजीनामा मागेर घेराबन्दी गरेपनि प्रचण्ड सफल हुन सकेनन् । बरु ओलीले आफूविरुद्धको घेराबन्दीलाई छिन्नभिन्न पारिदिएका थिए । उनी रक्षात्मक बनेर विस्तारै आक्रामक बने । १५ बुँदे पार्टी एकताको बुँदा बनाएर सहमति निर्माण गरेर सत्ता संकट टारे । अहिले ओलीले विगतको सहमति कार्यान्वयन नगरेको विषय उनीइतर समूहले उठाउन थालेका छन् । यसले नेकपाभित्र फेरि नयाँ द्वन्द्व चलेको छ ।

**प्रचण्ड र ओली विच भेटवार्ता**

सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहालबीचको भेटवार्ता सम्पन्न भएको छ । आज विहान प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको भेटवार्तामा दाहालले कर्णाली प्रदेशका मुख्यमन्त्री शाहीविरुद्ध आफ्नै पार्टीका सांसदहरुले ल्याएको अविश्वासको प्रस्ताव फिर्ता लिनेगरि निर्देशन दिन प्रधानमन्त्री ओलीलाई आग्रह गरेका थिए ।



दाहालले पार्टी एकताका कार्यभार पूरा नहुँदै विगतको सहमति नै तोड्नेगरि कदम चाल्न नहुने धारणा राखेकाथिए । उनले ओलीसमक्ष शाहीविरुद्धको अविश्वासको प्रस्ताव फिर्ता लिनुपर्ने धारणा राखेका थिए । दाहालको भनाई थियो,'कर्णालीमा पछिल्लो समय जे भैरहेको छ, त्यसले पार्टी एकता प्रक्रिया भाँड्ने काम भयो । पार्टी एकताका बेला गरिएको सहमतिबाट ब्याक हुन पाईंदैन् । कर्णालीको कुरा मिलाउँ । सबैलाई निर्देशन दिएर ब्याक गराउन लगाउनुहोस् ।' त्यस्तै, अध्यक्षद्धयबीच मन्त्रिमण्डल पूनर्गठनबारे पनि छलफल भएको थियो । तर, दशौंअघि मन्त्रिमण्डल पूनर्गठन नगर्ने निश्कर्षमा प्रधानमन्त्री ओली पुगेका छन् ।

**ओलीविरुद्व फेरि घेराबन्दी, नेकपामा दुर्घटनाको खतरा**

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्धको अविश्वासको प्रस्तावले नेपाल कम्युनिस्ट पार्टीभित्र नयाँ विवादलाई सतहमा ल्याएको छ । शाही नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निकट हुन् भने अविश्वासको प्रस्ताव दर्ता गर्ने यामलाल कँडेल अर्का अध्यक्ष केपी शर्मा ओली निकट हुन् ।

ओली र प्रचण्डबीच बढेको टकरावको कम्पन कर्णालीमा पुगेको छ । योसँगै ओलीले पार्टीभित्र पेलेर जाने रणनीति लयाएको सन्देश समेत गएको छ ।

सरकार सञ्चालनका लागि पार्टीभित्र समन्वय गरेर गर्ने भनेपछि ओलीले संकट टरेलगत्तै राजदूत नियुक्तिलगायतमा एकलौटी गरेको भन्दै प्रचण्डलगायतका नेताले असन्तुष्टि व्यक्त गरेका थिए । तर, त्यसलाई ओलीले बेवास्ता गरिदिए । मन्त्रिमण्डल पुर्नगठनमा पनि ओलीले आफ्नै चाहना बढी देखाउन थाले । यतिसम्मकी प्रचण्ड पक्षधर रहेर उनीबाट असन्तुष्टलाई सरकारमा मन्त्री बनाउन खोजे । यसले प्रचण्ड झस्किए । लगत्तै उनले नेकपाका वरिष्ठ नेताद्वय माधवकुमार नेपाल र झलनाथ खनालका अलावा उपाध्यक्ष बामदेव गौतमसँग परामर्श गरे ।

गौतम पनि ओलीसँग फेरि असन्तुष्ट भए । छ बुँदे ल्याएर संकट टारेको तर आफैलाई समस्यामा पारेको बुझाईपछि उनी पुरानै मोर्चा ब्युताउन सक्रिय भएको बुझिएको छ । विगतमा सचिवालयका छ जनाको मोर्चाबन्दी रहेकोमा यसपटक रामबहादुर थापा बादल घटेर पाँचजना बनेको छ ।

यो समूहले पछिल्लोपटक गम्भीर छलफल समेत गरेको छ । नेकपा सचिवालयका पाँचजनाको मोर्चाबन्दीको भेउ पाएर ओलीले पेलेरै जाने रणनीति बनाएको बुझिएको छ । यसको संकेत महेन्द्रबहादुर शाहीविरुद्धको अविश्वासको प्रस्ताव दर्तापत्र सार्वजनिक भएबाट मिलेको छ ।

नेकपाभित्र अब ओलीविरुद्ध प्रचण्ड, माधव, झलनाथ, बामदेव र नारायणकाजीको मोर्चाको टकराव फेरि बढ्ने देखिएको छ । यो समूहले यसपटक फेरि रणनीति बनाएको र ओलीलाई चुनौती दिने तयारी गरेको विश्वस्त स्रोतले जानकारी दिएको छ । ओली भने अब पेलेरै जाने तयारीका साथ प्रस्तुत भएका छन् । यसले नेकपाभित्र नयाँ संकट देखिएको छ ।

**कात्तिक ७ गतेका लागि डाक्यो संसदीय दलको बैठक**

कर्णाली प्रदेशमा सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीभित्र विवाद चुलिएको छ । आइतबार नेकपाका १८ सांसदले संसदीय दलका नेता तथा मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरूद्ध संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गरेपछि सोमबार शाहीले नयाँ कदम चालेका छन्।

उनले प्रस्ताव दर्ता गर्ने र मंगलबारका लागि बैठक डाक्ने संसदीय दलका प्रमुख सचेतक गुलाबजंग शाहलाई पदमुक्त गरेका छन्। उनको ठाउँमा आफूनिकट सांसद सीता नेपालीलाई जिम्मेवारी दिएका छन्। शाहले आइतबार राति नै मंगलबार दिउँसो १ बजेका लागि बैठक डाकेका थिए। संसदीय दलका नेता शाहीले शाहलाई आइतबारकै मिति राखेर पदमुक्त गरेको पत्र थमाएका छन्। नवनियुक्त प्रमुख सचेतक नेपालीले शाहले डाकेको भोलिको बैठक खारेज गरिदिएकी छन्।

'अब कात्तिक ७ गते बिहान ११ बजे बैठक बस्छ,' नेपालीले सेतोपाटीसँग भनिन्। संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता भएको १५ दिनभित्र बैठक बोलाउनुपर्ने व्यवस्था छ। अविश्वासको प्रस्ताव दर्ता गर्ने सांसदहरूले भने संसदीय दलमा अविश्वास प्रस्ताव दर्ता भएसँगै शाही संसदीय दलको नेताबाट निलम्बन भइसकेकाले उनले प्रमुख सचेतकलाई हटाउने र नयाँ नियुक्त गर्न नसक्ने तर्क गरेका छन्। कर्णालीमा चुलिएको विवादको तरंग नेकपाको केन्द्रीय तहसम्म आइपुगेको छ।

सोमबार नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्का अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर कर्णालीको समस्या प्रधानमन्त्री ओलीले गर्नुपर्ने बताएका छन्। प्रदेश सभामा रहेका ओली पक्षीय नेताहरूले भने केन्द्रले हस्तक्षेप गरे त्यो संघीयताको मर्मविपरीत हुने तर्क गरिरहेका छन् ।

# अधिवेशन अन्त्य

गण्डकी । गण्डकी प्रदेशसभाको चालु छैठौं अधिवेशन सोमवारदेखि अन्त्य भएको छ । प्रदेशसभाको आजको बैठकमा सभामुख नेत्रनाथ अधिकारीले प्रदेश प्रमुख अमिक शेरचनले प्रदेश सरकार मन्त्रीपरिषद्को सिफारिसमा चालु अधिवेशन सोमवार राति देखिनै अन्त्य गर्नुभएको पत्र पढेर सुनाउनुभयो ।

यस अघि बैठकमा प्रदेशका मुख्य मन्त्री पृथ्वीसुब्बा गुरुङले चालु अधिवेशनले बजेट ल्याउनुका साथै विभिन्न १४ वटा विधेयक पारित गरेको जानकारी गराउनुभयो । प्रदेशको समृद्धिका लागि सरकार क्रियाशिल रुपमा लागि परेको बताउँदै उहाँले लक्षित कार्यक्रम सम्पन्न गर्नेतर्फ निरन्तर क्रियाशिल बनेको उल्लेख गर्नुभयो ।

पार्टीहरू सत्ता वा प्रतिपक्ष सबल भएमा लोकतन्त्र बलियो बन्ने उल्लेख गर्दै मुख्यमन्त्री गुरुङले पार्टीहरू सुदृढ बन्दै गएमा जनताले पनि सुख पाउने बताउनुभयो । संस्थागत, संरचनागत सुदृढीकरणसँगै आर्थिक समृद्धितर्फ लाग्नुपर्नेमा मुख्यमन्त्रीको जोड थियो । बहुवर्षीय आयोजनाका कारण शुरुमा पेश्की दिनुपर्ने र काम सम्पन्न भैनसक्ने अवस्थाका कारण प्रदेशमा बेरुजुको अवस्था बढी देखिएको उहाँले बताउनुभयो ।

कोरोना महामारीसँग नेपाल नहारेको बताउँदै मुख्यमन्त्री गुरुङले संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासमा यसको रोकथाम र नियन्त्रणमा सफलता प्राप्त भएको बताउनुभयो ।

वर्तमान सरकारले लिम्पियाधुरा लगायतका स्थानमा सुरक्षा जाँच पोष्टहरू स्थापना गरेको उल्लेख गर्दै उहाँले सरकारले सार्वभौमिकताका लागि महत्वपूर्ण पहल गरेको बताउनुभयो ।

कुटनीतिक संवादका माध्यमबाट सीमा लगायतका समस्या समाधान गर्नुपर्ने उहाँले धारणा राख्नुभयो ।

वर्तमान सरकारले शुन्यबाट काम शुरु गरेको बताउँदै उहाँले अत्यावश्यक संरचनाको व्यवस्थाका लागि संरचना निर्माणका साथै जनशक्तिमा खर्च भए पनि फजुल खर्च नगरिएको स्पष्ट पार्नुभयो । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपालीले कोरोना महामारीले काठमाडौंको अवस्था भयावह बनेको बताउनुभयो ।

अस्पतालहरूमा कोरोनाका बिरामी राख्ने अवस्था नभएको बताउँदै उहाँले यसको व्यवस्थापन सरकारले गर्न नसकेको बताउनुभयो । भेन्टीलेटर एवम् आइसोलेशन बेडको अभावको अवस्था आएको बताउँदै उहाँले यसले कठिन अवस्था सिर्जना गरेको बताउनुभयो ।

गण्डकी प्रदेशमा विगतमा पर्ने गरेका अप्ठेरामा सत्ता र प्रतिपक्षबीच एकता कायम गर्दै अघि बढीएको उहाँको भनाइ थियो ।

राष्ट्रियताका सन्दर्भमा पार्टीबीच एकता कायम हुनुले सकारात्मक सन्देश दिएको बताउँदै उहाँले गुमेका भूभागलाई कुटनीतिक संवादका माध्यमबाट ल्याउनुपर्नेतर्फ सरकार लाग्नुपर्ने बताउनुभयो ।

लगभग दुई तीहाई बहुमतको वर्तमान सरकारबाट जनताले धेरै अपेक्षा गरेपनि त्यो पूरा हुन नसकेको बताउँदै उहाँले यसले संघीय व्यवस्थाप्रति वितृष्णा आउने अवस्था सिर्जना हुँदै गएको उल्लेख गर्नुभयो । बलात्कार, जातीय छुवाछुत जस्ता घटना २१ औं शताव्दीको युगमा लज्जास्पद कुरा भएको भएको उहाँको भनाइ थियो ।

राष्ट्रिय जनमोर्चाका तर्फबाट प्रदेशसभा सदस्य कृष्ण थापाले अहिलेको अधिवेशनमा निर्वाचन क्षेत्र र जनताका समस्यामा गहन छलफल गरिए पनि अझै ती समस्यालाई समाधान गर्न नसकिएको बताउनुभयो । शिक्षा, स्वास्थ्य लगायतका क्षेत्र राज्यले पूर्ण रुपमा जिम्मेवारी लिन नसकेको बताउँदै उहाँले महङ्गी, भ्रष्टाचारजस्ता घटना दिन प्रतिदिन बढीरहेको उल्लेख गर्नुभयो ।

जनता समाजवादीका तर्फबाट प्रदेशसभा सदस्य हरिशरण आचार्यले देशमा भ्रष्टाचार दिनानुदिन बढीरहेको बताउनुभयो ।

कोरोनाको प्रक्रियामा भष्टाचार भएको बताउँदै उहाँले जनताले उपचारका बेलामा भेन्टीलेर र आइसियु नपाउने अवस्था सिर्जना भएको बताउनुभयो ।रासस

# नेकपा कर्णाली प्रदेशमा विवाद

कर्णाली । नेकपा संसदीय दलको बहुमत सदस्यले दलका नेता एवं मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्ध अविश्वासको प्रस्ताव ल्याएपछि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कर्णाली प्रदेशको विवाद चुलिएको छ । विवाद समाधानका लागि नेकपा अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड छलफलमा जुटिरहेका बेला कर्णाली प्रदेशका नेकपाका संसदीय दलका सदस्य थप विभाजित भएका छन् । प्रमुख सचेतक गुलाबजङ्ग शाहले मुख्यमन्त्रीविरुद्धको अविश्वासको प्रस्तावमाथि छलफल गर्न मङ्गलबार अपराह्न बैठक बोलाएपछि दलका नेता मुख्यमन्त्री शाहीले उहाँलाई पदमुक्त गर्नुभएको छ ।

मुख्यमन्त्री शाहीले प्रमुख सचेतकको जिम्मेवारी सचेतक सीता नेपालीलाई दिनुभएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयले जनाएको छ । मुख्यमन्त्रीविरुद्धको अविश्वासको प्रस्ताव र प्रमुख सचेतकमाथिको कारवाहीले नेकपामा झन् सङ्कट निम्त्याएको छ ।

असन्तुष्ट १८ प्रदेशसभा सदस्यले आइतबार पत्रकार सम्मेलन गर्दै मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव दलको कार्यालयमा पेश गरिएको सार्वजनिक गरेका थिए । पार्टीका शीर्ष नेतामा नेकपा कर्णाली प्रदेशको विवाद समाधानको प्रयास भइरहेका बेला यहाँको गहिरिँदो सङ्कटले प्रदेश सरकार तथा पार्टीका कामकारवाही प्रभावित भएका छन् ।

कर्णाली प्रदेश राजधानीमा दुई पक्षका नेताहरु आपसी परामर्शमा व्यस्त छन् । मुख्यमन्त्री शाहीले पदमुक्त गरे पनि प्रमुख सचेतक शाहले मङ्गलबार निर्धारित समयमै आफ्नो अध्यक्षतामा दलको बैठक बस्ने बताउनुभयो । मुख्यमन्त्रीले गरेको कारवाही दलको विधान विपरीत भएको उहाँको भनाइ छ ।विधानमा दलको नेताको विरुद्धमा अविश्वासको प्रस्ताव आइसकेपछि प्रमुख सचेतकले बैठकको अध्यक्षता गर्ने व्यवस्था छ', उहाँले राससँग भन्नुभयो, "भोलि(मङ्गलबार) बैठक बस्छ, प्रस्तावउपर निर्णय हुन्छ ।'

उता मुख्यमन्त्री शाही निकट प्रदेशसभा सदस्य गोपाल शर्माले पार्टी एकताको भावनालाई ख्याल गरेर अघि बढ्नुपर्ने बताउनुभयो । "अब नेकपा संसदीय दलको बैठक कात्तिक ७ गते हुन्छ र छलफल सकारात्मक दिशातर्फ जान्छ', उहाँले भन्नुभयो, "अल्पमत/बहुमतले पार्टी विभाजनतर्फ जाने र यसको नकारात्मक सन्देश प्रवाह हुने हुँदा यसमा सबैले सचेत हुन जरुरी छ ।' चालीस सदस्यीय कर्णाली प्रदेशसभामा नेकपाका सभामुखबाहेक ३३ सभासद् छन् ।रासस

# सडक निर्माणको क्षेत्रमा काम गर्ने नेपालीको सङ्ख्या बढ्यो

वागमती । वाग्मती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँलले सडक निर्माणको क्षेत्रमा काम गर्ने नेपाली जनशक्तिको उल्येख्य वृद्धि भएको बताउनुभएको छ । सडक कालोपत्र गर्ने काममा भारतीय तथा तेस्रो देशका मजदूरले मात्रै काम गर्ने गरेको बताउँदै मन्त्री फुयाँलले पछिल्ला दिनमा नेपाली सडकमा नेपाली मजदूर अझ महिलाको समेत सङ्ख्या बढ्दै गएको उल्लेख गर्नुभयो ।

मन्त्री फुयाँलले अन्यत्र गएर विभिन्न प्रकारका मजदुरी गर्ने नेपाली कोरोना कहरका कारण थन्किएको अवस्थामा पूर्वाधार निर्माणका क्षेत्रमा थुप्रै जनशक्ति खपत गरिएको जानकारी दिनुभयो । मन्त्री फुयाँलले केही दिनपहिले मात्रै शिलान्यास गरिएको काभ्रेका सडकमा महिला मजदूरले काम गरिरहेका देखिएको हेटौंडा-काठमाडौंका सडकमा समेत महिला-पुरुषले संयुक्त रूपमा काम गरिरहेका बताउनुभयो ।

नेपालमा हुने विभिन्न काममा नेपाली जनशक्ति प्रयोग गर्न सकियो भने पनि बेरोजगारी समस्या समाधान हुने तथा विदेशिएका जनशक्तिलाई स्वदेशमै स्थापित गराउन सकिने उहाँको भनाइ थियो । उहाँले अटोमोबाइलको क्षेत्रमा भने अझै पनि नेपाली मिस्त्री तथा मजदूरको अभाव रहेकाले सरकारले त्यो पूर्ति गर्नका लागि विशेष योजना बनाएको बताउनुभयो । मन्त्रालयले अटोभिलेजको निर्माण गर्ने र इच्छुक महिला-पुरुषलाई संयुक्त रूपमा अटो मेकानिक्सको तालीम दिने तयारी थालेको जानकारी दिनुभयो । तालीममा दम्पतीलाई सहभागी गराइने उहाँको भनाइ थियो ।

मन्त्री फुयाँलले प्रदेश सरकार स्वदेशी श्रमिकलाई स्वदेशमै रोजगार उपलब्ध गराउन प्रयासरत रहेको बताउनुभयो । "हामीले गर्ने हरेक निर्माणमा बेरोजगारहरूलाई बढीभन्दा बढी रोजगारी उपलब्ध गराउन के गर्न सकिन्छ भन्ने हाम्रो ध्याउन्न हुन्छ, प्रदेशका हरेक मन्त्रालयका गतिविधि कहीँ कतै बेरोजगारी समस्या समाधानका लागि हुने गर्छन्", उहाँले भन्नुभयो ।

कर्मचारी नहुँदा कार्य सम्पादनमा समस्या

वाग्मती प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयमा दरबन्दीअनुसार कर्मचारी नहुँदा कार्य सम्पादनमा समस्या देखिएको छ । रासस

# विधेयक पारित

गण्डकी । गण्डकी प्रदेशसभाको सोमवारको बैठकले गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ ।

बैठकमा भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापाले विधायन समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भन्दै गर्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मत पारित गरेको हो ।

यसअघि विधेयक माथिको छलफलमा सहभागी प्रदेशसभा सदस्य मीनप्रसाद गुरुङ, डोबाटे विश्वकर्मा, पियारी थापा र मधु अधिकारी गुरुङले निर्वाहमुखी कृषि प्रणालीलाई परिवर्तन गर्दै यसको आधुनिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धिसँगै त्यसको बजारीकरणका लागि विधेयक महत्वपूर्ण हुनेमा जोड दिनुभयो । रासस

# स्थानीय तहले योजनामा विशेष ध्यान दिनुपर्छ : पूर्वमन्त्री बाँस्कोटा

काभ्रेपलाञ्चोक । पूर्वमन्त्री गोकुलप्रसाद बाँस्कोटाले स्थानीय तहले सबै योजनामा विशेष ध्यान पुऱ्याए कार्यान्वयनमा कुनै जटिलता नहुने बताउनुभएको छ । उहाँले विकासनिर्माणका लागि सरकारसँग बजेट र योजनाको अभाव नभएकोसमेत दावी गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का केन्द्रीय सदस्य बाँस्कोटाले काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिकास्थित नेकपा नगर कमिटीद्वारा आयोजित कार्यकर्ता भेला एवं पार्टी प्रवेश कार्यक्रमलाई आज सम्बोधन गर्दै सबै स्थानीय तहले ध्यान दिए बजेट र योजना कार्यान्वयनमा सहज हुने बताउनुभयो ।

विनियोजित बजेट विविध कारणले खर्च नहुँदा कतिपय योजना सम्पन्न भएका छैनन्, यसमा स्थानीय तहले विशेष ध्यान दिनुपर्छ' उहाँले भन्नुभयो ।

प्रतिनिधिसभा सदस्य बाँस्कोटाले विकास साझा विषय भएकाले कुनै पार्टी विशेषको नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो "विकास कुनै पक्ष र विपक्षको हुँदैन, तर केमा कसले कति ध्यान पुऱ्याउने भन्ने मात्रै हो, जसले विकासको नेतृत्व गर्छ उसलाई जनताले मन पराउनु स्वाभाविक नै हो ।'

उहाँले हाल कुनै पनि योजना बजेट अभावमा नरोकिएको तर कार्यान्वयनमा जटिलता पैदा भएको दोहोऱ्याउनुभयो । नेता बाँस्कोटाले नेकपा ठूलो पार्टी भएकाले प्रतिस्पर्धासहितको सहकार्यको अनिवार्य आवश्यकता औंल्याउनुभयो । रासस


## पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी

## घर नक्सापास अभिलेखीकरण सम्बन्धी सार्वजनिक सुचना

प्रथम पटक प्रकाशित मिति :२०७७/०६/२७

नेपाल सरकार, मन्त्रीपरिषद, आर्थिक तथा पूर्वाधार समितिको मिति २०७२/०६/१३ को निर्णय अनुसार स्वीकृत 'वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी अधारभुत निर्माण मापदण्ड, २०७२' को अधारमा उक्त मापदण्ड लागु हुनु भन्दा अगाडी निर्माण भएका भवन /घरहरुको घर नक्सा अभिलेखिकरण सम्बन्धमा देहाय बमोजिम उल्लेख भएको हुँदा उल्लेखित व्यहोरा अनुसार निर्माण भएका भवन/घरहरुको मिति २०७७ मंसिर १ गते सम्म नक्सा अभिलेखीकरण गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै, सो अवधी पश्चात कुनै प्रकृतीका भवनहरुको घर नक्सा अभिलेखीकरण नहुने समेत जानकारी गराईन्छ ।

१. तत्कालिन अवस्थामा तोकिएको सेटब्याकलाई दुरी अधार मानी वा सेटब्याक दुरी तोक्न भन्दा अगावै निर्माण भएका घरहरु ।
२. यो मापदण्ड लागु हुनु अगावै निर्माण सम्पन्न वा निर्माणाधिन रहेका घरहरु, पुरानो जग मात्र निर्माण भएका र घ वर्गका घरहरु ।
३. यस अघि गाउँपालिकामा घर नक्सा पासको लागि निवेदन दर्ता भएकाहरुलाई तत्कालिन अवस्थाको मापदण्ड पालना गरी स्वीकृत नक्सा बमोजिम नै स्ट्रक्चर निर्माण गरेकोमा नियमित गरिनेछ ।
४. घर नक्सा अभिलेखीकरण गर्दा गाउँपालिकाका क्षेत्र भित्रका सडकहरुमा (ढल्केवर, जनकपुर, जटही र राजमार्ग बाहेक) र को छाना र पेटीमात्र हाल कायम भएको बाटोको क्षेत्राधिकार भित्र परेमा तथा त्यस्ता संरचनाको कारणले तत्काल सार्वजनिक आवागमनमा असर नपर्ने देखिएमा उक्त छाना पेटी गाउँपालिका वा सम्बन्धित निकायबाट भत्काउन आदेश दिएका बखत घर धनी आफैले भत्काउने कबुलियतनामा गरेमा मात्र घर नक्सा नियमित गरिनेछ । तर सडक क्षेत्राधिकार भित्र Structural Component (Wall,Pillar, Etc) परेमा घर नक्सा अभिलेखीकरण गरिने छैन् । तर तत्कालिन अवस्थामा कायम भएको सडक मापदण्ड पालना गरी स्वीकृत नक्सा बमोजिम निर्माण भएका घरहरुको हकमा हाल कायम भएको सडक क्षेत्राधिकार भित्र परेका घर गाउँपालिका वा सम्बन्धित निकायबाट भत्काउन आदेश दिएका बखत घर धनी आफैले भत्काउने कबुलियतनामा गरेमा मात्र घर नक्सा अभिलेखीकरण गरिनेछ ।
५. घर नक्सा अभिलेखीकरणगर्दा फिल्ड नक्सामा कायम रहेको सार्वजनिक क्षेत्र (कुलो, खोला, खोल्सा, बाटो, जंगल आदी) रहेको क्षेत्र मिचेर बनाईएको घरको घर नक्सा अभिलेखीकरण गरिने छैन् ।
६. घर नक्सा अभिलेखीकरणगर्दा ढल्केवर, जनकपुर, जटही राजमार्ग मोहडामा रहेका घरहरुको सडक क्षेत्राधिकार (केन्द्र रेखा देखि १५ मिटर ) भित्र छज्जा(झाँप), पेटी आदी परेमा उक्त घरहरुको नक्सा अभिलेखीकरण गरिने छैन् । उक्त सडक क्षेत्राधिकार भित्र पर्ने भाग भत्काई आएमा घर नक्सा अभिलेखीकरण गर्न सकिनेछ । तर राजमार्ग मोहडामा अन्य क्षेत्रमा जस्तो कबुलियतनामा गरी नक्सा अभिलेखीकरण गरिने छैन् ।
७. पुरानो घरको घर नक्सा पेशगर्दा नक्सा पासको लागि पेश गर्नुपर्ने आवश्यक प्रमाण तथा निवेदन साथ चार दिशाबाट खिंचिएको फोटो सहित पेश गर्नुपर्ने छ ।

जनकपुर टुडे



# ताजिकिस्तानको राष्ट्रपतिमा इमोमाली पुनः निर्वाचित



**एएफपी**

दुशान्बे । ताजिकिस्तानका प्रभावशाली नेता इमोमाली राख्मोनताजिकिस्तानकोराष्ट्रपतीय निर्वाचनमा अत्यधिक मतसहित विजयी हुनु भएको छ। निर्वाचन आयोगका अनुसार नेता इमोमालीले ९० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नु भएको छ। विपक्षीहरुको खासै उपस्थिति नरहेको ताजिकिस्तानमा ६८ वर्षीय इमोमाली ताजिकिस्तान स्वतन्त्र भएयता सबैभन्दा बढी अवधि शासनमा रहनु हुनेछ।

तत्कालीन सोभियत संघबाट अलग्गिएको ताजिकिस्तानले स्वतन्त्रता प्राप्त गरेलगत्तै नुरसुल्तान नजरबायेभ सबैभन्दा लामो अवधि राष्ट्रपति बन्नु भएको थियो। केन्द्रीय निर्वाचन आयोगका अनुसार चुनावमा ८५ प्रतिशतभन्दा बढी मतदान भएको थियो।

छिमेकीमुलुकहरु किर्गिस्तान र पूर्व सोभियत गणतन्त्र बेलारुसमा हालै सम्पन्न निर्वाचनमा व्यापक धाँधली भएको भन्दै विरोध जारी छ। तर ताजिकिस्तानमा त्यस्तै परिस्थिति उत्पन्न हुने तत्काल सम्भावना देखिएको छैन। तर राख्मोन र उहाँको सरकारले कोरोनाभाइरसका कारण अर्थतन्त्रमा संकट व्यहोर्नु परिरहेको छ। पाँच लाखभन्दा बढी ताजिकहरु खासगरी रुसमा रोजगारीका लागि गएका छन्। लन्डनस्थित एक अनुसन्धान संस्था आइएचएस मार्किटका विश्लेषक अलेक्स कोक्चारोभले अघिल्लो वर्षको तुलनामा यस वर्ष विप्रेषणमा १५-२५ प्रतिशतले कमी आएको बताउनुभयो। रुसमा रोजगारी गुमाएर ठूलो संख्यामा ताजिकहरु स्वदेश फर्किएको अवस्थामा मुलुकको अर्थतन्त्र ६.५ प्रतिशतले खुम्चने पनि उहाँले बताउनुभयो।

अर्थतन्त्रमा संकट उत्पन्न भएमा ताजिकिस्तानलाई बाह्य ऋण भुक्तानीमा पनि संकट उत्पन्न हुनेछ। हाल कूल गार्हस्थ्य उत्पादनको करिब एक तिहाई भन्दा बढी ऋण भार छ, र चीनले ताजिकिस्तानलाई सबैभन्दा बढी ऋण दिएको छ।

# कोलम्बियाका पूर्वराष्ट्रपति उरिबे नजरबन्द मुक्त

**सिन्ह्वा**

बोगोटा। कोलम्बियाको एक अदालतले शनिबार कोलम्बियाका पूर्वसिनेटर तथा पूर्वराष्ट्रपति अल्भारो उरिबेलाई नजरबन्दबाट मुक्त गर्ने आदेश दिएको छ। उहालाई दुई महिनाभन्दा बढी समयदेखि घरमा नजरबन्दमा राखिएको थियो।

यद्यपि उरिबेविरुद्धको कथित घूसखोरी र प्रक्रियात्मक ठगीको लागि अनुसन्धानमा जारी रहेको अदालतले जनाएको छ। यसै विषयलाई लिएर पूर्वराष्ट्रपति उरिबेका एक वकिललाई हिरासतमा राखिएको छ। प्रतिपक्षी सिनेटर इभान सिपेडाले एक अर्ध-सैनिक समूहसँगको सम्बन्धको आरोप उरिबे र उहाँको भाइको विरूद्ध लगाउनुभएको थियो।

उरिबेले उल्लेखित घटनामा आफ्नो कुनै संलग्नता नरहेको बताउँदै गरेको गुनासोमाथि सुनुवाई गर्दै अदालतले उहाँलाई सफाइ दिएको हो। उरिबे डेमोक्रेटिक सेन्टर पार्टीका सिनेटर हुँदै राष्ट्रपतिमा निर्वाचित बन्नुभएको थियो। न्यायाधीशले उरीबेलाई नजरबन्दबाट मुक्त गर्ने निर्णयको सिपेडाले सम्मान गर्ने तर यस मुद्दामा आफ्नो अधिकारको प्रयोग गर्दै माथिल्लो अदालतमा पुनरावेदन गर्ने बताउनुभयो।

# मुम्बई पुनः शिर्ष स्थानमा उक्लियो



**एजेन्सी**

जनकपुरधाम । १३औं संस्करणको आइपीएलमा दिल्लीले दोश्रो हार व्यहोरेको छ। सात खेल खेलेको दिल्लीले दोश्रोमा हार व्यहोर्नुपरेको हो।

आइतबार राति भएको खेलमा मुम्बईसित पाँच विकेटले पराजित भएको हो। डिफेन्डिङ च्याम्पियन मुम्बईले पाँच विकेटको क्षतिमा लक्ष्य भेटाउँदै अंक तालिकामा शिर्ष स्थानमा उक्लेको हो। दिल्ली भने हारसँगै दोश्रो स्थानमा झरेको छ। मुम्बईले ७ खेलमा ५ जितसहित १० अंक जोडेको छ।दिल्लीको यो दोस्रो हार हो। दोस्रो स्थानमा रहेको दिल्लीले ७ खेलमा १० अंक जोडेको छ।

डिफेन्डिङ च्याम्पियन मुम्बई इन्डियन्सले पाँचौं जित निकालेको छ। दिल्ली क्यापिटल्सलाई ५ विकेटले पराजित गर्दै मुम्बईले पाँचौं जित निकालेको हो। शेख जायद क्रिकेट स्टेडियममा दिल्लीले दिएको १ सय ६३ रनको लक्ष्य मुम्बईले १९ ओभर ४ बलमा मात्र ५ विकेट गुमाएर पूरा गर्यो।

मुम्बईको जितमा क्विनटन डी कक र सूर्यकुमार यादवले अर्धशतकीय पाली खेले। दुवै खेलाडीले समान ५३ रन बनाएर आउट भए। यस्तै इशान किशनले २८ रन जोड्दा कप्तान रोहित शर्मा ५ रनमा आउट भए। कुर्नाल पाण्डेय १२ रनमा अविजित रहँदा केइरन पोलार्ड ११ रनमा अविजित रहे। दिल्लीका कागिसो रबाडाले २ विकेट लिए। अक्षर पटेल, रविचन्द्र आश्विन र मार्कुस स्टोनिसले समान १/१ विकेट लिए।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको दिल्लीले २० ओभरमा ४ विकेट गुमाएर १ सय ६२ रन बनाएको थियो। दिल्लीका लागि शिखर धवनले सर्वाधिक ६९ रन जोडे। उनले ५२ बलको सामना गरेर एक छक्का र ६ चौका प्रहार गरे।

कप्तान श्रेयस अय्यरले ४२ र अजिंक्ये रहाणेले १५ रन जोडे। स्योयनिस १३ र एलेकस केरीले १४ रन जोडे। अजिंक्ये रहाने १३औं संस्करणमा पहिलो खेल खेल्ने अवसर पाएका थिए। विकेटकिपर ब्याटसम्यान रिषभ पन्त घाइते भएपछि उनले मौका पाए। तर, उनी सस्तैमा आउट भएपछि फेरी मौका पाउने सम्भावना कमै छ।

**आजको खेल**
**हैदराबाद विरुद्ध चेन्नई**
**समयः साँझ ७:४५ बजे**

कुर्नाल पाण्डयाले दुई विकेट लिए भने ट्रेन्ट बोल्टले एक विकेट लिन सफल भए। यसअघि भएको पहिलो खेलमा राजस्थान रोयल्सले रोमाञ्चक जित निकालेको थियो।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा भएको खेलमा राजस्थानले सनराइजर्स हैदराबादलाई पाँच विकेटले हराएको हो। टस जितेर पहिले ब्याटिङ गरेको सनराइजर्सले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै एक सय ५८ रन बनाएको थियो। उसका लागि कप्तान डेभिड वार्नरले ४८ रन र मनिष पाण्डेले ५४ रन बनाए। बलिङतर्फ राजस्थानका लागि जोफ्रा आर्चर, कार्तिक त्यागी र जयदेव उनाडकटले समान एक/एक विकेट लिए।

एक सय ५९ रनको लक्ष्य पछ्याएर मैदानमा उत्रिएको राजस्थानले एक बल बाँकी छँदा भेट्यायो। उसका लागि राहुल तेवटियाले ४५ र रियान परागले ४२ रनको नटआउट पारी खेले। बलिङतर्फ खलील अहमद र राशिद खानले समान दुई दुई विकेट लिए। खेलको म्यान अफ दी म्याच तेवतियालाई प्रदान गरियो। एक समय हार नजिक पुगेको राजस्थानलाई तेवटिया र परागले जितसम्म पुर्याए। १२ ओभरमा ७८ रन जोड्दा पाँच विकेट गुमाएको राजस्थानले लगातार पाँचौ हारको संघारमा पुगेको थियो। स्टार ब्याट्म्यानहरु सस्तैमा आउट भएपछि राजस्थान संकटमा परेको थियो। तर आईपीएल १३औं संस्करणको उदयीमान खेलाडीको रुपमा देखिएको तेबटियाले उत्कृष्ट खेलको प्रदर्शन गरेका थिए।

यो खेलमा दुई अङ्क बटुल्दै राजस्थान छैटौं स्थानमा उक्लिएको छ भने सनराइजर्स पाँचौं स्थानमा छ।

# ब्रिटिस एयरवेजका प्रमुख कार्यकारी अधिकृतद्वारा राजीनामा



**एएफपी**

लन्डन । कोरोनाभाइरसका कारण संकटमा परेको बेलायती राष्ट्रिय ध्वजाबाहक विमान सेवा ब्रिटिस एयरवेजका प्रमुख कार्यकारी अधिकृत अलेक्स क्रुजले राजीनामा दिनु भएको छ।

कम्पनीले सोमबार जारी गरेको विज्ञप्तिमा क्रुजले तत्काल लागू हुने गरी राजीनामा दिनु भएको जनाएको छ तर राजीनामा दिनुको खास कारण खोलिएको छैन। विगत साढे चार वर्षदेखि कम्पनीको प्रमुख कार्यकारी अधिकृतका रुपमा सेवा गर्नु पर्नु भएका क्रुजको स्थानमा अब सिन डोयलले जिम्मेवारी लिनु हुनेछ।पछिल्ला दिनहरुमा कोरोनाभाइरसका कारण ब्रिटिस एयरवेजले पर्याप्त उडान भर्न नसकेको तथा यात्रुको संख्यामा व्यापक कमी आएको जनाएको छ। ब्रिटिस एयरवेजको मातृसंस्था आइएजीमा पनि फेरबदल गरिएको छ।

आइएजीमा नयाँ नियुक्त हुनु भएका प्रमुख कार्यकारी लुइस ग्यालेगोले कोरोनाभाइरसका कारण उत्पन्न संकट सामना गर्न आफूहरु सक्षम हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले क्रुजको कार्यकालमा ब्रिटिस एयरवेजले निकै प्रगति गरेको र एयरलाइन्सलाई आधुनिकीकरण गर्न ठोस कार्य गर्नु भएको भन्दै प्रशंसा गर्नु भएको छ। ब्रिटिस एयरवेजले यसै वर्ष स्थापनाको एक सय वर्ष मनाउँदैछ।

# इरानमा कोभिड-१९ का कारण एकै दिनमा अहिलेसम्मकै सबैभन्दा बढी व्यक्तिको मृत्यु

**सिन्ह्वा**

तेहरान। इरानमा कोभिड-१९ सङ्क्रमण पुष्टि भएपछि एकै दिनमा अहिलेसम्मकै सबैभन्दा बढी २५१ सङ्क्रमितको मृत्यु भएको इरानको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता सिमा सादत लारीले विगत २४ घण्टामा मृत्यु हुने कोभिड-१९ सङ्क्रमितको सङ्ख्या २५१ पुगेको र योसँगै अहिलेसम्म कूल २८ हजार ५४४ सङ्क्रमितको मृत्यु भएको बताउनुभयो।

आइतबार अधिकारीहरूले दिएको तथ्याङ्कमा विगत २४ घण्टामा सङ्क्रमितको सङ्ख्या तीन हजार ८२२ रहेको र अहिलेसम्म कूल पाँच लाख ७५ जना सङ्क्रमित भएको उल्लेख छ।

इरानमा अहिलेसम्म निको हुने व्यक्तिको सङ्ख्या चार लाख छ हजारभन्दा बढी रहेको र चार हजार ४८२ जना सघन उपचार कक्षमा भर्ना भई चिकित्सकबाट उपचार सेवा लिइरहेको बताइएको छ।

# नाइजेरियामा बन्दुकधारीद्वारा १२ सर्वसाधारणको गोली हानी हत्या

**एएनआई**

कादुना।नाइजेरियाको कादुना राज्यमा अज्ञात बन्दुकधारीहरुले १२ जना सर्वसाधारण गाउँलेको गोली हानी हत्या गरेका छन्। उनीहरुले कादुना राज्यको गिवा गाउँमा ती गाउँलेको हत्या गरेका हुन्।

ठूलो सङ्ख्यामा आएका बन्दुकधारीहरुले अन्धाधुन्ध गोली प्रहार गरेर उनीहरुको हत्या गरेका र अरु कैयौँलाई नराम्ररी घाइते बनाएका छन्।

गएको शुक्रबार र शनिबार सो गाउँमा ठूलो हिंसा भएको प्रहरीले जनाएको छ। तर ती गाउँलेको कसले र किन हत्या गरेको हो भन्ने बारेमा भने प्रहरीले केही पनि बताएको छैन। गिवा गाउँको किदान्दान र कदाई भन्ने स्थानमा ती बन्दुकधारीहरुले गाउँलेमाथि हमला गरेका थिए। प्रत्यक्षदर्शीहरुले गएको शुक्रबार र शनिबार ती स्थानमा ठूलो सङ्ख्याका हतियारधारी आएर बन्दुकले हमला गरेका थिए।

उनीहरुले दर्जनौं गाउँलेलाई घाइते बनाएका छन्। ती गाउँमा गएका केही महिनादेखि हिंसाका घटना भइरहेका छन्। तर ती हत्याको जिम्मेवारी भने कुनै पनि समूहले लिएको छैन।

ती जिल्लाका जिल्ला प्रमुखहरुले शान्ति सुरक्षा कायम गर्नका लागि भन्दै यहाँको प्रान्तीय सरकारसँग थप सुरक्षाकर्मी माग गरेको जानकारी दिनुभएको सिन्ह्वा समाचार समितिले जानकारी दिएको छ।

# चीनको क्विन्डाओ शहरका ९० लाख बढीको एकैसाथ कोरोना परीक्षण

**एएफपी**

बेइजिङ । चीनको पूर्वी तटीय शहर क्विन्डाओमा छ जनामा कोरोनाभाइरसको लक्षण देखिएको भन्दै पाँच दिनभित्र शहरका सबै ९० लाखभन्दा बढी नागरिकको कोरोना परीक्षण गर्ने चिनियाँ अधिकारीहरुले बताएका छन्।केही महिनाभित्रै पूरै शहरका बासिन्दाको परीक्षण गरिएको यो पहिलो पटक हो।

चीनको उहानमा कोरोनाभाइरस पहिलो पटक देखिएको चीनले यसलाई नियन्त्रणमा ल्याइसकेको बताएको छ। विश्वका विभिन्न क्षेत्रमा सरकारहरुले लकडाउन गरे पनि कोरोना संक्रमितको संख्या दिनानुदिन बढ्दै गएको छ। आइतबार क्विन्डाओमा छ जनामा कोरोना पुष्टि भएको थियो। यस शहरमा ९४ लाखको बसोबास छ। पाँच वटा जिल्लामा तीन दिनभित्र परीक्षण गरिने र पूरै शहर पाँच दिनभित्र परीक्षण गरिने क्विन्डाओ नगरका स्वास्थ्य अधिकारीले बताएका छन्।

तर ती अधिकारीले शहरका कति मानिसको परीक्षण हुनेछ भन्ने खुलाएका छैनन्। चीनमा व्यापक र तिब्र परीक्षण गर्ने क्षमता छ। स्वास्थ्य आयोगले १ लाख ४० हजारभन्दा बढी स्वास्थ्यकर्मी, नयाँ भर्ना भएका बिरामी र सुरक्षाकर्मीको परीक्षण गरिसकेको जनाएको छ। गत जुन महिनामा बेइजिङको ठूलो क्षेत्रमा व्यापक परीक्षण गरिएको थियो। खाद्य बजारमा केही व्यक्तिमा कोरोना देखिएसँगै करिब २ करोडभन्दा बढी जनसंख्या रहेको बेइजिङका हटस्पटमा परीक्षण गरिएको थियो। चीनले कोरोनाभाइरस नियन्त्रणका लागि कडा लकडाउन जारी गर्नुका साथै कोरोना परीक्षणलाई व्यापक बनाएको थियो।

जसका कारण विश्वकै दोस्रो ठूलो अर्थतन्त्र भएको चीनमाथि दबाब उत्पन्न भएको थियो तर अहिले चीनले आर्थिक गतिविधिलाई पुनः पहिलेकै अवस्थामा पु-याउन लागिसकेको छ। गत साता राष्ट्रिय विदाका अवसरमा देशव्यापी रुपमा करोडौं नागरिक छुट्टी मनाउन अन्यत्र गएका थिए।

चीनले पछिल्लो समय कोरोनाभाइरसको खोप निर्माणलाई पनि तिब्रता दिएको छ। चीनका धेरै कम्पनी खोप निर्माणको अन्तिम चरणमा पुगिसकेका छन्।

# कोरोना भाइरस उच्च सङ्क्रमण रहेको दश देश



**एएफपी**

न्युर्योक । संयुक्त राज्य अमेरिकामा कोरोना भाइरसको सङ्क्रमितको संख्या ७९ लाख ९१ हजार नाघेको जोन्स हप्किन्स विश्वविद्यालय सोमबार जानकारी दिएको छ। पेशा व्यवसाय खोल्ने वा नखोल्ने भन्ने विषयमा दोधारमा रहेको अमेरिकामा कोरोना भाइरसको सङ्क्रमणबाट विश्वको तुलनामा सबैभन्दा बढी मानिसको मृत्यु भएको छ। कोरोना सङ्क्रमणबाट अमेरिकामा मृत्यु हुने व्यक्तिको संख्या दुई लाख १९ हजार नाघेको छ। कोरोना सङ्क्रमणको कारण दोस्रो स्थानमा रहेको अर्थात विश्वकै दोस्रो ठूलो जनसंख्या रहेको देश भारतमा कोरोनाबाट ७१ लाख २० हजार भन्दा बढी सङ्क्रमित भएका र यस सङ्क्रमणबाट एक लाख ९ हजार जनाको मृत्यु भईसकेको छ। कोरोना सङ्क्रमणलाई हेर्दा तेस्रो स्थानमा रहेको देश ब्राजिलमा सङ्क्रमितको संख्या ५० लाख ९४ हजार नाघेको छ। सङ्क्रमणको कारण एक लाख ५० हजार भन्दा बढीको मृत्यु भएको छ। खोप विकास गरिसकेको घोषणा गरेको रसियामा १३ लाख १२ हजार भन्दा बढी सङ्क्रमित रहेका छन् भने २२ हजार ७२२ जनाको मृत्यु भएको छ भने दैनिक सङ्क्रमितको संख्या पनि बढ्दो छ। कोलम्बियामा ९ लाख ११ हजार ३१६ जना कोरोना भाइरस सङ्क्रमित भएका छन् भने २७ हजार ८३४ जनाको मृत्यु भएको छ।

अर्जेन्टिना ८ लाख ९४ हजार भन्दा बढी व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भने २३ हजार ८६८ जनाको मृत्यु भएको छ। स्पेनमा ८ लाख ९० हजार ३६७ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भन ३२ हजार ९२९ जनाको मृत्यु भएको छ।पेरुमा ८ लाख ४९ हजार ३७१ मा व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भने ३३ हजार ३०५ जनाको मृत्यु भएको छ। मेक्सिकोमा ८ लाख ३७ हजार ७८१ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भने ८३ हजार ७८१ जनाको मृत्यु भएको छ। फ्रान्समा ७ लाख ३४ हजार ९७४ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् भने ३२ हजार ६८३ जनाको मृत्यु भएको छ। विश्वभर महामारीका रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) को सङ्क्रमणबाट मृत्यु हुनेको संख्या आइतबारसम्म १० लाख ८१ हजार ७०९ जना पुगेको छ। यस भाइरसबाट सङक्रमित हुनेको संख्या विश्वभर तीन करोड ७७ लाख ७९ हजार पुगेको छ।

कूल सङ्क्रमितमध्ये दुई करोड ८३ लाख ३६७ हजार भन्दा बढी हजार निको छन् भने करिब ८२ लाख ८२ हजार मानिस सक्रिय सङ्क्रमित छन्।

# अफगानी धार्मिक विद्वानहरूद्वारा युद्धविरामका लागि आव्हान

**सिन्ह्वा**

कुन्दुज । अफगानिस्तानको लडाई बढेकोप्रति उलेमा अर्थात् धार्मिक विद्वानहरूले आइतबार उत्तरी कुन्दुज प्रान्तको राजधानी कुन्दुज सहरमा आयोजित भेलामा मुलुकमा भइरहेको द्वन्द्व र दुश्मनीलाई नाजायज ठहराएको छ। समूहले तालिवानी समूहलाई युद्धविराम अवलोकन गर्न र शान्ति वार्तालाई सफल हुन सहयोग पुर्‍याउन आह्वान गरेको छ। समस्याग्रस्त कुन्दुज प्रान्तको धार्मिक परिषद्का प्रमुख मौलावी मोहम्मद अकेल सिरतल बोलाएको भेलामा कञ्जुद शहरका सयौं व्यक्तिहरूले भाग लिएका थिए। भेलाका सहभागीले भने, "अफगानिस्तानका जनता लडाइँदेखि निराश भएका छन्, हाम्रो लामो विनाशकारी युद्ध जसले हाम्रो देशलाई ध्वस्त पारेको छ र जनताको जीवन र सम्पत्ति विनाश गरेको छ।

अब पनि युद्धलाई जारी राखे देशको अस्थित्व नै खतरामा पर्नेछ।" आफ्नो भाषणमा, मौलावीले दोहामा चलिरहेको अन्तर-अफगानी संवादलाई समर्थन गर्नुभयो र तालिवानी समूहलाई अफगानीको इच्छाको सम्मान गर्न र हिंसा रोक्न आग्रह गर्नुभयो।"मैले तालिवानलाई हिंसा रोक्न, युद्धविरामको समीक्षा गर्न र त्यसपछि सरकारसँगको वार्तामा आफ्ना मागहरू प्रस्तुत गर्न आग्रह गरिरहेको छु," अकेलले सहभागी सबैसँग भन्नुभयो।

ती धार्मिक विद्वानले दोहामा चलिरहेको तर कठिन अन्तर-अफगानिस्तान वार्ता र अफगानिस्तानमा बढ्दो विद्रोहबीच युद्धविरामको लागि आह्वान गरेका थिए। अफगानिस्तान सरकारको वार्ता टोली १२ सेप्टेम्बरदेखि दोहामा तालिवान प्रतिनिधिहरूसँग अफगानिस्तानको लामो द्वन्द्वको राजनीतिक समाधानको लागि जुटेको छ तर कुनै ठोस प्रगति भने भएको छैन।

# चीनको गरिबी नियन्त्रण अभियान : पाँच रोडभन्दा बढी गरिबीबाट मुक्त

**सिन्ह्वा**

बेइजिङ। 'तेह्रौं पञ्चवर्षीय योजना' को अवधिमा चीनका पाँच करोडभन्दा बढी ग्रामीण बस्तीलाई गरिबीबाट मुक्त भएका गरिब जनता पूर्ण रूपमा गरिबीबाट मुक्त भएका राष्ट्रिय गरीबी तथा जनसङ्ख्या ब्युरोको तथ्याङ्कमा उल्लेख गरिएको छ।

सन् २०१६ मा चीनमा गरीबी दर ४.५ प्रतिशत थियो भने सन् २०१९ मा त्यो घटेर ०.६ प्रतिशतमा झरेको तथ्याङ्कले देखाएको छ।

चालु वर्ष समग्र क्षेत्रमा गरीबी पूर्णतया उन्मुलन गर्ने चीन सरकार र खासगरी राष्ट्रपति सी चिनफिङको योजनामा चीनले सफलता पाएको अधिकारीहरूले बताएका छन्।

'तेह्रौं पञ्चवर्षीय योजना' को अवधिमा चीनमा गरीबहरूको आम्दानीमा व्यापक वृद्धि भएका ब्युरोको दावी छ। तथ्याङ्क अनुसार गरिब जनसङ्ख्याको प्रतिव्यक्ति आय सन् २०१६ मा चार हजार १४२ युआन रहेकोमा सन् २०१९ मा बढेर नौ हजार ५७ युआन पुगेको छ।

आयको औसत वार्षिक वृद्धि ३० प्रतिशत पुगेको छ भने चीनमा गरिबहरूको आय संरचना अझ अनुकूलित गरिएको छ र आफैंमा गरीबीबाट बच्न सक्ने क्षमता निरन्तर सुधारिएको छ।

# लिबियामा अपहरित सात भारतीय मुक्त



**एएनआई**

ट्युनिस । लिबियामा अपहरणमा परेका सात जना भारतीय नागरिक अपहरण मुक्त भएको बताइएको छ। ट्युनिसियाका लागि भारतीय राजदूतले सो कुराको जानकारी दिनुभएको हो। उहाँले सो अपहरणमा परेका सात जना भारतीय नागरिकलाई आइतबार अपहरणकारीले मुक्त गरेका जानकारी दिनुभयो।

उनीहरु लिबियाको आसेरिफ भन्ने ठाउँबाट गत सेप्टेम्बरको १४ तारिखमा अपहरणमा परेका थिए। उनीहरु भारतको आन्ध्र प्रदेश, बिहार, गुजरात र उत्तर प्रदेशका नागरिक रहेका पनि उहाँले बताउनुभयो। भारतले गत बिहीबार मात्र आफ्ना नागरिकहरु अपहरणमा परेका जनाएको थियो।

त्यसपछि ट्युनिसियामा रहेको भारतीय दूताबासले उनीहरुको अवस्थाको बारेमा खोजी शुरु गरेको थियो। भारतीय विदेश मन्त्रालयका प्रवक्ताले आफ्ना नागरिकहरु लिबियामा अपहरणमा परेका र उनीहरुको खोजीकार्य जारी रहेको जानकारी गएको बिहीबार मात्र दिनुभएको थियो। लिबियामा भारतको राजदूतावास नरहेकोले ट्युनिसियामा रहेको दूताबासबाट उनीहरुको बारेमा खोजी थालिएको थियो।

भारत सरकारले लिबिया सरकार र अरु पनि अधिकारवादी संघसंस्थाहरुलाई आफ्ना नागरिकको खोजी गरिदिन आग्रह गरेको थियो।

# २४ उद्योगविरुद्ध मुद्दा




काठमाण्डु । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य पदार्थको अनुगमनलाई तिब्रता दिएको छ । चाडवार्ड नजिक आएकाले टोली गठन गरी खाद्य अनुगमन तथा परीक्षण कार्यलाई थप व्यवस्थित गरिइएको हो ।

विभागका सहप्रवक्ता सन्तोष दाहालले अनुगमनका क्रममा खाद्य ऐन प्रतिकुल देखिएका उत्पादक कम्पनी तथा उद्योगविरुद्ध मुद्दा चलाइएको जानकारी दिनुभयो । तत्कालै गुनासो सुन्न तयार पारिएको समुह 'र्‍यापिड रेस्पोन्स टिम' मा विभिन्न २४ उजुरी परेकोमा एक पानी उद्योग अनुमती वीना सञ्चालन भएको पाइएकाले बन्द गराइएको छ । खाद्य ऐन विपरित रहेको दुई उद्योगलाई उत्पादन रोक्का गरिएको विभागले जनाएको छ । अन्य २१ उद्योग विरुद्ध भने मुद्दा चलाइएको दाहालले जानकारी दिनुभयो ।

उहाँका अनुसार विभाग र मातहतका कार्यालयबाट कुल ३९८ स्थानका होटल, खाद्य उद्योग, दाना उद्योग खाद्य पसलमा अनुगमन भएको थियो । त्यसमध्य खाद्य पदार्थ तथा दाना उद्योगको २७८ र खाद्य स्वच्छता सम्बन्धि १५५ गरी ४३३ नमूना सङ्कलन भएको थियो । परीक्षणका क्रममा १४ वटा नमूना प्रतिकुल देखिएकाले कारावही गरिएको छ । अन्य अनुसन्धान कै क्रममा रहेको जनाइएको छ ।

विभागअन्तर्गत मुलुकमा २४ डिभिजन कार्यालय र १२ स्थानमा खाद्य आयात/निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय रहेको छ । यसअघि कार्यालयले भदौ २८ देखि नै तीन वटा अनुगमन टोली परिचालन गर्दै आएको छ । कोभिड १९ का कारण पिउने पानी, दुध तथा दानाकोअनुगमन गरिएको थियो ।

अहिले भने चाडबाड केन्द्रीत अनुगमन टोली तयार गरी परिचालन गरिएको विभागले जनाएको छ । मातहतका कार्यालयलाई समेत अनुगमनलाई तिब्रता दिन दिर्नेशन दिइएको छ । यसअघि पानी उद्योगमा ५४ पटक अनुगमन भएको र २५ नमूना सङ्कलन भएको थियो । दुई वटा नमूना प्रतिकुल देखिएकाले कारवाही प्रक्रिया अघि बढेको जनाइएको छ । अन्य नमूना विष्लेषणको क्रममा छ ।

सात दुग्ध उद्योगमा अनुगमन भएकोमा छ वटाको नमूना सङ्कलन भएको छ । खाद्य व्यवसायको ३१ ठाउँमा अनुगमन भएकोमा ३४ नमूना सङ्कलन गरिएको र एउटा प्रतिकुल देखिएकाले कारवाही प्रक्रिया शुरु गरिएको विभागले जनाएको छ ।

**चडबाडमा समेत गुनासो सम्बोधन गरिने**

विभागले चाडबाडको विदाको समयमा पनि गुनासो सुन्ने भएको छ । यस्तै प्रयोगशाला परीक्षण समेत सञ्चालन गरिने विभागले एक सूचनामार्फत जानकारी दिएको छ ।रासस

# मासुमा नोक्सान व्यहोर्दै किसान



चितवन । ब्वायलर कुखुराको मासुको मूल्यमा निकै गिरावट आएपछि किसानले प्रतिकिलो रु ९५ हाराहारी नोक्सानी व्यहोर्नु परेको छ । उत्पादन बढी र खपत कम भएपछि मूल्य घटेर किसानले घाटा व्यहोर्नु परेको हो ।

नेपाल ब्वायलर कुखुरापालक किसान सङ्घका अध्यक्ष झनक पौडेलका अनुसार अहिले ब्वायलर कुखुरा प्रतिकिलो रु ११० हाराहारीमा बिक्री हुने गरेको छ । जसको लागत मूल्य प्रतिकिलो रु २०५ रहेको उहाँको भनाइ छ । कुखुरा नबिकेपछि कतिपय जिउँदो प्रतिकिलो रु ९० मा बिक्री गर्नुपरेको गुनासो किसानले गरेका छन् ।

तयारी मासु प्रतिकिलो रु १७५ मा समेत बिक्री हुने गरेको छ । चितवनमा प्रतिकिलो रु २०० र काठमाडौँमा रु २२० दरेट राखेर मूल्य सार्वजनिक गरेको पाइन्छ । धेरै कुखुरा हुनेले सो मूल्यभन्दा कममा नै बिक्री गरेका हुन् ।

पौडेलले वाणिज्य विभागलगायतका सरोकारवाला निकायमा शुक्रबार निवेदन दिएर बजार अनुगमन गर्न अनुरोध गरिएको बताउनुभयो । देशभर एक सयदेखि १० हजारसम्म ब्वायलर कुखुरा पाल्ने किसान ४५ हजार हाराहारी छन् । अहिले उत्पादन भएको कुखुराको चल्ला किन्दा किसानले रु ६५ तिरेका थिए । सरदर प्रतिकिलो रु ३० को दाना खुवाएको उहाँले जानकारी दिनुभयो ।

नेपाल दाना, अण्डा, कुखुरा वितरक सङ्घका केन्द्रीय अध्यक्ष जेतनारायण पाण्डेले साना किसान धेरै प्रभावित बनेको बताउनुभयो । उत्पादन नै बढी हुँदा समस्या भएको उहाँको भनाइ छ । उत्पादन बढी र खपत कम हुँदा दुई किलो भएका कुखुरा खोरबाट उठाउनुपर्नेमा तीन किलो पाँच सय ग्रामसम्मका कुखुरा पनि उठ्न नसकेको उहाँले बताउनुभयो ।

पछिल्लो समय ह्याचरी उद्योगी, विदेशबाट फर्किएका लगायत अन्य व्यवसाय गर्नेहरूले समेत ब्वायलर कुखुरा पालेका कारण उत्पादन बढेको उहाँको भनाइ छ । बजारको मागलाई ध्यान नै नदिइ कुखुरा पालिएको उहाँले बताउनुभयो । होटल, रेष्टुरेन्ट, विद्यालय, क्याम्पस, बजार पूर्णरूपमा नखुल्दा खपत बढ्न नसकेको पाण्डे बताउनुहुन्छ ।

नेपाल ह्याचरी उद्योग सङ्घका केन्द्रीय अध्यक्ष टीकाराम पोखरेलले अहिले सातामा ३५ लाख ब्वायलर चल्ला उत्पादन हुने गरेको जानकारी दिनुभयो । यी सबै चल्ला बिक्री भएका छन् । १५ प्रतिशत हाराहारी मरे पनि अरु हुर्किन्छन् । दैनिक आठ लाख ५० हजार किलो मासु उत्पादन हुने गरेको उहाँको भनाइ छ ।

पोखरेलका अनुसार खपतमा निकै गिरावट आएको छ । काठमाडौँमा दैनिक पाँच लाख किलो मासु खपत हुनेमा अहिले झण्डै आधामा झरेको छ । जसले गर्दा मासु बिक्री हुन नसक्दा मूल्य नआएको उहाँको भनाइ छ ।रासस

# नक्कली मह बनाएर बिक्री गरेको खुलासा

काठमाण्डु । महानगरपालिकाले गरेको बजार अनुगमनको क्रममा नक्कली मह बनाएर व्यावसायिक रुपमा विक्री वितरण गर्ने गरेको पाईएको छ । सोमवार बिहान कामपा उपभोक्ता हित संरक्षण समितिको अनुगमन टोलीलले गोङ्गबु मित्रनगरमा नक्कली मह बनाउने सामान फेला पारेको छ ।

होटल रेड डाइमण्डको कोठा ३०२, ३०४ र ३०६ गरी ३ वटा कोठामा नक्कली मह बनाउने सामान राखी उक्त स्थानबाटनै व्यावसायिक रुपमा मह बनाउने र विक्री गर्ने गरेको पाईएको छ ।

अनुगमन टोलीले महानगरीय प्रहरी वृत्त बालाजुको सहयोगमा होटलको निगरानी थालेको छ । अहिले दुई जना व्यापारी सम्पर्कमा आएका छन् । उनीहरुलाई नियन्त्रणमा लिएर थप प्रक्रिया अघि बढाइने भएको छ । होटलमा अनुगमन टोली पुग्दा अन्य व्यापारी मह बेच्न बाहिर गएका थिए ।

होटल सञ्चालक लीलाबल्लभ पराजुलीका अनुसार उनीहरुले साँझ मह बनाउने र दिउँसो बेच्ने गरेका थिए । पराजुलीका अनुसार उनीहरु मह बेच्ने पुराना व्यापारी हुन् । अनुगमन टोलीको नेतृत्व गरिरहनु भएका कामपाको कृषि विभागका प्रमुख हरिबहादुर भण्डारीका अनुसार महको चाका मैदाको हुन सक्छ । रासस

# विमानस्थल विस्तारको काम पुनः शुरु




नेपालगञ्ज । कोरोना महामारीका कारण छ महिनादेखि रोकिएको नेपालगञ्ज विमानस्थल विस्तारको काम गुरुयोजनानुसार पुनः शुरु गरिएको छ । हाल विमानस्थलको रनवे र टर्मिनल भवन निर्माणको काम भइरहेको छ । यसैगरी रनवे र टर्मिनल भवन निर्माणका लागि आवश्यक जग्गा खरिद प्रक्रियासमेत अगाडि बढाइएको नागरिक उड्डयन कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख प्रेमनाथ ठाकुरका अनुसार कोभिड-१९ का कारण छ महिनादेखि विस्तारको काम रोकिएको थियो । उहाँका अनुसार अन्तर्राष्ट्रिय विमानस्थल बनाउन २० वर्षे गुरुयोजना तयार पारेर सोही बमोजिम चार चरणमा काम भइरहेको छ । विमानस्थल विस्तारका लागि पहिलो र दोस्रो चरणमा गरी रु तीन अर्ब ५० करोड बढी बजेट खर्च हुने अनुमान गरिएको कार्यालय प्रमुख ठाकुरले बताउनुभयो ।

यसअघि नै नेपालगञ्ज विमानस्थलबाट दिल्ली उडानको प्रस्ताव गरिएको छ । सोही प्रस्तावबमोजिम विमानस्थलमा सबै प्रकारका अन्तर्राष्ट्रिय उडान गर्न मिल्ने गरी गुरुयोजनामा नक्शाङ्कन र डिजाइन गरिएको छ । शुरुवाती चरणमा एटिआर विमान उडान गर्न मिल्ने गरी नेपालगञ्ज विमानस्थल विस्तार गरिने छ भने दुई दशकभित्र एअर बस जस्ता ठूला विमान उडान भर्न मिल्ने गरी गुरुयोजनामा डिजाइन गरिएको छ । नागरिक उड्डयन प्राधिकरणका अनुसार नेपालगञ्ज विमानस्थल विस्तार गुरुयोजनामा निर्माणको अनुमानित लागत रु १२ अर्बभन्दा बढी रहेको छ । योजनानुसार विमानस्थलको रनवे थ्री-सी क्याटोगरी अर्थात् एक हजार ५२४ मिटरबाट वृद्धि गरी फोर-सी क्याटेगरीमा दुई हजार ४४५ मिटर लामो बनाइने छ । त्यसो गर्दा एयर बस ३२० एनइओ मोडेलका ठूलो जेट विमान सहजै उडान गर्न सक्नेछन् ।

सामान्यतयाः दैनिक सरदर ४० उडान भर्दै आएको नेपालगञ्ज विमानस्थलबाट झण्डै एक हजार १०० यात्रु आउजाउ गर्दछन् । राजधानी काठमाडौँस्थित् त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलपछिको सबैभन्दा व्यस्त उक्त विमानस्थलका लागि नयाँ गुरुयोजनानुसार अगाडि बढ्दा १०० बिघा जग्गा थप आवश्यक पर्नेछ । हाल १६६ बिघा क्षेत्रफल रहेको नेपालगञ्ज विमानस्थलका लागि थप १०० बिघा जग्गा अधिग्रहण गरेपछि मात्र प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थलका लागि जग्गा पर्याप्त हुने जनाइएको छ ।

**खजुरा ग्रीन सिटीको गुरुयोजना पर धकेलियो**

कोभिड-१९ विश्वव्यापी महामारीको प्रत्यक्ष प्रभाव बाँकेको खजुरा गाउँपालिकाको 'खजुरा ग्रीन सिटी' (खजुरा हरित शहर) गुरुयोजनामा समेत परेको छ । सन् २०२० देखि सो हरित खजुरा गुरुयोजना सञ्चालनका लागि खजुरा गाउँपालिका र संयुक्त राष्ट्र सङ्घ साउथ-साउथ कर्पोरेशनबीच एक वर्षअघि सम्झौता भएको थियो । सम्झौताअघि संयुक्त राष्ट्र सङ्घ साउथ-साउथ कर्पोरेशनका उच्चस्तरीय प्रतिनिधिले गरेको स्थलगत सर्वे, समुदायसँगको छलफलपछि नेपालको एकमात्र नगरोन्मुख सो गाउँपालिकालाई कार्यक्रमभित्र समेटिएको हो ।

"एक वर्षअघि उज्वेकस्तानमा भएको 'ग्रीन एकोनोमी' कार्यक्रममा खजुरामा 'हरित कृषि र हरित शहरीकरण' का लागि संयुक्त राष्ट्र सङ्घ साउथ-साउथ कर्पोरेशन र गाउँपालिकाबीच सम्झौता भएको हो", अध्यक्ष कक्षपतिले बताउनुभयो ।रासस

# नेप्सेमा झिनो सुधार

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार झिनो अङ्कले मात्रै उकालो लागेको छ ।

आइतबार दोहोरो अङ्कले ओरालो लागेको नेप्से आज १.७४ बिन्दुले बढेर एक हजार ५७८.०१ मा पुगेको छ ।

यस्तै सेन्सेटिभ परिसूचक १.३७ बिन्दुले घटेर ३१३.१० मा पुगेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कुल १८९ कम्पनीको ६८ लाख १५ हजार ७१० कित्ता शेयर रु एक अर्ब ९४ करोड ९० लाख ६० हजार १९४ मूल्यमा खरिद बिक्री भए ।

कारोबार भएका कूल १२ उपसमूह मध्ये आज पाँच उपसमूहको शेयर उकालो लाग्दा सात उपसमूहको शेयर भने ओरालो लागेको छ ।

बैंकिङ २.३९, व्यापार २.१६, होटल ६.९४, विकास बैंक ७९.१२ र लघुवित्त ३.९३ बिन्दुले बढेको छ । यस्तै जलविद्युत् ७.१२, वित्त ११.६६, निर्जीबन बीमा १२.२१, उत्पादन १५.५२, अन्य १.८३, जीवन बीमा २८.३७ र सामूहिक लगानी कोष ०.०३ बिन्दुले ओरालो लागेको छ ।

कारोबारका आधारमा सोमवार मुक्तिनाथ विकास बैंक शीर्ष स्थानमा रहेको छ । सो बैंकको रु १६ करोड ५० लाख आठ हजार ८२१ बराबरको कारोबार भई शीर्ष स्थानमा रहयो ।

यस्तै, अरुण भ्याली हाइड्रोपावर रु सात करोड ७१ लाख ९२ हजार ८७९, कामना सेवा विकास बैंक रु छ करोड ८८ लाख ८१ हजार ३५, नेपाल पुनरबीमा कम्पनी रु पाँच करोड ३२ लाख ७६ हजार ४३२, एनआइसि एशिया बैंक रु पाँच करोड आठ लाख ११ हजार ६२८, नेशनल हाइड्रोपावर रु चार करोड ५६ लाख ४३ हजार ७५ र अपि पावर कम्पनीको रु चार करोड ३६ लाख ८५ हजार २५७ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

कारोबारका आधारमा मुक्तिनाथ विकास बैंक ९.८५, कर्पोरेट डेभलपमेन्ट बैंक ५, आइसिएफसी फाइनान्स ४.८८, कामना सेवा बैंक ४.५७, तिनाउ मिसन बैंक ४.४८ र मञ्जुश्री फाइनान्सका लगानीकर्ताले ४.४७ प्रतिशतले कमाए । त्यस्तै, सबैको लघुवित्त ६.०५ , रिडी हाइड्रोपावर ५.८३, सेन्ट्रल फाइनान्स ४.९७, गुह्यश्वरी मर्चेन्ट बैंक ४.८१, मल्टीपर्पोज फाइनान्स ४.५८ र साञ्जेन जलविद्युत् कम्पनीका लगानीकर्ताले ४.५५ प्रतिशतले कमाए ।रासस


हंसपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बघचौड़ा, धनुषा

करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०६/२७)

उपरोक्त सम्बन्धमा यस नगरपालिका अन्तर्गत कोरोना (कोभीड(१९) संक्रामण भएका व्यक्तिहरुको लागि उपचार सेवा प्रदान गर्न अस्थायी कोभीड अस्पताल स्थापना गरी सञ्चालन गर्नका लागि स्वास्थ्य सेवाका मेडिकल अधिकृत, स्टाफ नर्स र कार्यालय सहयोगी पद करारमा पद पूर्ति गर्नु पर्ने भएकोले आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन गरिएको मितिले २१(एक्काइस) दिन भित्र राजश्व तिरेको सक्कल रसीद/भौचर सहित दरखास्त आवेदन दिनु हुन संबन्धित सबैमा जानकारी को लागि यो सूचना प्रकाशन गरीएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद/तह | सेवा | समूह | मांग संख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षा को किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७७/०७८ स्वास्थ्य | मेडिकल अधिकृत | स्वास्थ्य | ज. हे. स. | १ जाना | मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा MBBS उतिर्ण गरी सम्बन्धित परिषददर्ता भएको हुनु पर्ने । | लिखित र अन्तरवार्ता |
| २ | २/०७७/०७८ स्वास्थ्य | स्टाफ नर्स | स्वास्थ्य | क. न. | २ जाना | मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा PCL in Nursing उतिर्ण गरी नर्सिंग परिषद दर्ता भएको हुनु पर्ने । | लिखित र अन्तरवार्ता |
| ३ | ३।०७७।०७८ स्वास्थ्य | कार्यालय सहयोगी | स्वास्थ्य | श्रेणी विहिण | १ जना | कम्तिमा आठ कक्षा पास | अन्तरवार्ता |

१. **दरखास्त दिने स्थान** : हंसपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बघचौड़ा, धनुषा ।

२. **दरखास्तमा सलग्न गर्नुपर्ने** : उम्मेदवारको व्यक्तिगत विवरण शैक्षिक योग्यताको प्रमाणित, प्रतिलिपि चारित्रिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपालको कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद् मा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवारस्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्ने छ ।

३. **दरखास्त दस्तुर बझाउने स्थान**: हंसपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बघचौड़ा, धनुषाको NMB बैंक हँसपुर शाखा को आन्तरिक राजस्व खाता नं.११७००७३४६३८०००१९ मा बुझाइ सो को सक्कलै रसिद दरखास्त पेश गर्नु पर्नेछ ।

४. **दरखास्त फाराम**: हंसपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बघचौड़ा, धनुषाको प्रशासन शाखा वा यस कार्यालयको वेभ साइट www.hanspurmun.gov.np बाट प्राप्तगर्न सकिने छ ।

५. **दरखास्त दिने अन्तिम** : मिति २०७७।०७।१७ गते सम्म सो दिन बिदा परेमा भोली पल्ट्ट कार्यालय समय सम्म ।

६. **दरखास्त दस्तुर**: मेडिकल अधिकृत (आठौं) तह - रु १५००/-, स्टाफ नर्स (पाचौं) - रु १०००/- र कार्यालय सहयोगी रु ६००/-

७. **उमेरको हद** : लोक सेवा आयोगले तोके बमोजिमर अन्य प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको हुनुपेर्ने छ ।

८. **तलब सुविधा** : नेपाल सरकारले तोकेको शुरु स्केल बराबर रकम मासिक रुपमा तलब भुक्तानी गरिने छ ।

९. **करार अवधि** : ३ महिना वा आवश्यकता अनुसार म्याद थप्न सकिने छ ।

१०. **सम्पर्क मिति** : २०७७।०७।१८ गते र यसै दिन परिक्षाको मिति तोकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



भाखा नाघेको कर्जा बुझाउने वारे कृषि विकास वैंक लि. शाखा कार्यालय हनुमाननगर को २१ दिन सुचना

यस बैंकको शाखा कार्यालय हनुमाननगरवाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उदेश्यका लागी बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिय बमोजिम अनुसारको रकम बुभाउने सम्वन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुभाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्वन्धित कार्यालयमा बुझाउनका लागी यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०६३, कृषि विकास बैंक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपिसिल बमोजिमका व्यक्तिहरुलाई बैंकवाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

कार्यलयको नामः कृषि बिकास बैंक लि. शाखा कार्यालय, हनुमाननगर

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | २०७७।०६।१७ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा दिने/ जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिष्णु कुमार मडंल | भगवतपुर ७, सप्तरी | सुर्य नारायण मंडल | भुलकेश्वर मंडल | घरायसी कर्जा | ५०००००. | ७७४४५ | ५७७४४५ | चण्डिका मंडल(ब्य.जमानी) | |
| २ | देब लाल यादब | रमपुरा मँल्हनीया ६, सप्तरी | बचकुन यादब | बंसि यादब | घरायसी कर्जा | ७५०००० | ६२०६४ | ८१२०६४ | बिरेन्द्र कुमार या(दब(ब्य.जमानी) | |
| ३ | जहरी देबी मंडल | २ नं. जोगीनिया ६, सप्तरी | छोटकैन मडंल | चुवा मंडल | सरल कृषी कर्जा | ३०००० | ४०२२ | ३४०२२ | लक्ष्मी मडंल(ब्य.जमानी) | |
| | | | | | | 1280000. | 143531. | 1423531. | | |

कृषि विकास बैंक लि., २ नं. प्रदेश कार्यालय, जनकपुर

# प्रदेश २ मा थप दुई वटा विधेयक पारित

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ मा थप दुई वटा विधेयक पारित भएको छ । सोमबार बसेको प्रदेशसभा बैठकले स्वास्थ्य सेवा सम्बन्धी र प्रदेश पदक विधेयक सर्वसम्मतिले पारित गरेको हो ।

आन्तरिक मामिला तथा कानुनन मन्त्री ज्ञानेन्द्र यादवले केहि महिना अगाडि पेश गरेको प्रदेश पदक विधेयक पारित गरिएको छ । प्रदेशमा उत्कृष्ट कार्य गर्नेलाई प्रदेश सरकार स्थापना दिवसको अवसरमा फागुन ३ गते पदकबाट सम्मान गर्न यो विधेयक ल्याइएको मन्त्री यादवले बताए ।

प्रदेश सरकारले प्रशासन, राजनीति, अर्थ, कानून, साहित्य, विज्ञान, संस्कृति, सामाजिक विकास, वातावरण, पूर्वाधार विकास, पर्यटन, प्रविधि लगायतका क्षेत्रमा प्रदेशलाई विशिष्ट योगदान पुर्याउने व्यक्तिलाई पदक प्रदान गर्ने भएको हो ।

प्रदेशका लागि योगदान पुऱ्याउनेको मनोबल बढाउन सरकारले पदक वितरण गर्ने बताइएको छ । यस्तै, सोमबारकै प्रदेश सभा बैठकबाट स्वास्थ्य सेवा सम्बन्धी विधेयक सर्वसम्मतले पारित गरिएको छ । स्वास्थ्य सेवामा नागरिकको पहुँच र सेवा प्रभावकारी बनाउन समाजिक विकास मन्त्री नवल किशोर साहले उक्त विधेयक प्रदेशसभामा पेश गरेका थिए ।

यसअघि आईतबार अनुसन्धान व्यूरोको स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएको थियो ।

# दाइमनदेवीको हत्यामा संलग्न तीन जना पक्राउ

**टुडे समाचारदाता**



राजविराज । दुई साताअघि सप्तरीको तिरहुत गाउँपालिकामा महिलाको हत्या गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेकको छ । पक्राउ परेकाले हत्या गरेको स्वीकार गरेका छन् ।

प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका अनुसार तिरहुत गाउँपालिका वडा नम्बर २ मैनाकडेरी निवासी ५० बर्षीया दाइमन देवी यादवको हत्याा गर्ने तीन जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा तिरहुत गाउँपालिका २ बस्ने २१ बर्षीय अजय कुमार यादव, ५२ बर्षीय राधे भनिने ओमप्रकाश यादव र कंचनरुप नगरपालिका ११ ठेलिया बस्ने ५५ बर्षीय बमबहादुर साह छन् ।

यी तीन जनामध्ये साहले दाइमनदेवीलाई भुइँमा लडाएर डोरीले घाँटीमा कसी हत्या गरेको खुलेको छ । साहले यादवको हत्या गरिरहँदा ओमप्रकाश र अजयले बाहिर कोहि आउँदैछ कि भनेर पहरा दिएको पाइएको प्रदेश प्रहरीका प्रबक्ता एसपी कृष्ण प्रसाईँले जानकारी दिए । उनका अनुसार पक्राउ परेकाहरुले आफ्नो अपराध स्वीकार गरेका छन् ।

एसपी प्रसाईँका अनुसार पक्राउ परेकाबिरुद्ध थप अनुसन्धान भइरहेको छ ।"

मृतक महिला दाइमन देवी यादवका देबरानीसँग ओमप्रकाश यादवसँग अनैतिक सम्बन्ध रहेको कुरा दाइमनदेवीले थाहा पाउँदा ओमप्रकशले रिसइबी राखी हत्याको योजना बनाएका थिए । सोही योजना अनुरुप विगतमा मधेश मुक्ति टाइगर्स भन्ने सशस्त्र समूहमा संलग्न रही शिक्षक रामनारायण साहको हत्या गरेको अभियोगमा ८ बर्ष जेल सजाय बसी २ बर्षअघि हिरासतमुक्त भएका साहलाई ओमप्रकाश र अजयले हत्यामा संलग्न गराएको देखिएको प्रहरीको भनाई छ ।

यस्तै, अर्का प्रतिवादी अजय यादव र मृतकबीच जग्गा विवाद देखिएको छ । मृतकको २ बिघा जग्गा अजय यादवको बुवाले २०४७ सा देखि जोतभोग गर्दै आएकोमा विवादको कारण बाली नबुझाएको देखिएको प्रहरीले जनाएको छ ।

# अनिवार्य अप्रेशन मात्र गर्नु :सरकार

**टुडे समाचारदाता**

काठमाण्डु ।संघीय राजधानी काठमाण्डुमा कोरोना भाइरस( कोभीड-१९)संक्रमण समुदाय स्तरमा फैलिएपछि सरकारले अत्यावश्यक बाहेकका अप्रेशन नगर्न निर्देशन जारी गरेकोछ ।

देशमा हाल रहेको सक्रृय संक्रमितको ६४ प्रतिशत काठमाण्डु उपत्यकामा रहेकोछ ।कोरोना भाइरस संक्रमणको कारण मृत्यु हुनेको संख्यापनि काठमाण्डुमा बढेकोछ ।

राजधानीमा लक्षण भएका कोरोना संक्रमितहरुको संख्या बढेसँगै मन्त्रालयले यो निर्णय गरेको हो । यसले कोरोना भाइरस संक्रमितहरुले केही हदसम्म आईसीयू र भेन्टिलेटर वेड पाउने अपेक्षा गरिएको मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले सोमवार बताए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपत्यकाका सबै सरकारी अस्पताललाई कोभिड अस्पतालमा रुपान्तरण गर्ने निर्णय गरेको प्रवक्ता डा. गौतमले जनाए ।

मन्त्रालयले सबै सरकारी अस्पताललाई कोभिड अस्पताल बनाउने र स्वास्थ्य सेवा विभागसँग भएको भेन्टिलेटर, आईसीयू र अक्सिजनआदि सघन उपचारका लागि व्यवस्थापन गर्ने निर्णय गरेको प्रवक्ता गौतमले बताए ।

होटलहरुसँग सहकार्य गरेर होटल आइसोलेसन सेन्टर सञ्चालन गर्न अस्पतालले अनुमति दिने निर्णयपनि गरेको उनले बताए । यस्ता होटलमा संक्रमितबाहेक अरुलाई राख्न नपाइने व्यवस्था गरेकोछ ।काठमाण्डुमा संक्रमितहरुलाई सरकारी अस्पतालमा सहज उपचार उपलब्ध नभए निजी अस्पतालको उपचार लिन संभव छैन् ।

# भलिवल च्याम्पियनसिप कार्त्तिक ६ गतेदेखि

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको ललियामा नेपाल खुला भलिवल च्याम्पियनसिप हुने भएको छ ।

आउँदो कात्तिक ६ गतेदेखि हुन लागेको भलिवल प्रतियोगिताको तयारी अघि बढाइएको छ ।

खेलकूदको विकास गर्नको लागि विजयादशमीको उपलक्ष्यमा दुर्गा पूजा मेला तथा समाज कल्याण संस्था, ललियाको आयोजनामा भलिवल प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगितामा प्रथम हुने टोलीलाई नगद ३१ हजार १५१, दोश्रो हुनेलाई २० हजार १५१ र तेश्रो हुनेलाई पाँच हजार १५१ सहित ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिने भएको छ ।

प्रत्येक खेलमा बेष्ट प्लेयरलाई पुरस्कृत गरिने खेलकूद संयोजक श्रीप्रसाद यादवले जनाए । यादवका अनुसार खेलाडीहरुको आवास र भोजनको व्यवस्था समेत मिलाइएको छ ।

फाइनल खेलमा बेष्ट प्लेयर, बेष्ट स्पाईकर, बेष्ट ब्लकर, बेष्ट सेटर र बेष्ट डिफेन्डरलाई समेत पुरस्कृत गरिने यादवले जनाए ।

# नेतृ यादव कोरोना संक्रमित

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्य एवम् समाजवादी जनता पार्टीकी नेतृ रेणुकुमारी यादव कोरोना संक्रमित भएकी छन् ।



गजेन्द्रनारायण सिंह अस्पताल राजविराजले सोमवार सार्वजनिक गरेको रिपोर्ट अनुसार पूर्व शिक्षा मन्त्री यादवलाई संक्रमण पुष्टि भएको हो । ५८ वर्षिया यादवले शंका लागेर आईतबार परीक्षणका लागि स्वाब दिएकी थिईन् ।

यसअघि छोरा अभिषेक यादवलाई आईतवार कोरोना पुष्टि भएको थियो । प्रदेशसभा सदस्य समेत रहेका अभिषेकलाई कोरोना पुष्टि भएपछि परिवारका सदस्य र काम गर्ने कर्मचारीको स्वाब परीक्षण गराईएको थियो ।

सोमबार आएको रिपोर्ट अनुसार रेणुसहित अभिषेककी पत्नि २६ वर्षिया रिया र २५ वर्षिय चालकलाई पनि कोरोना पुष्टि भएको छ । उनीहरु सवै जना होम आईसोलेनमा वसेका छन् । अभिषेकका अनुसार उनका ३ वर्षिय छोरा र भान्सामा काम गर्ने युवकको भने रिपोर्ट नेगेटिभ आएको छ ।

# प्रदेशमा संक्रमित भन्दा निको हुने बढी

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ मा कोरोना संक्रमित हुनेको संख्या घट्दै गएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा ४३ जना संक्रमित थपिएको स्वास्थ्य निर्देशनालय प्रदेश २ ले जनाएको छ ।

यसका साथै प्रलेद २ मा संक्रमितको संख्या १४ हजार २३२ पुगेको छ । सोमबार सबैभन्दा बढी धनुषामा १४ जना संक्रमित थपिएको हो । निर्देशनालयका अनुसार धनुषाको जनकपुरधाम उपमहानगरपालिकामा ९ जना, औरही गाउँपालिकामा एक जना, हरिहरपुर २, ढल्केवर र बसतपुरमा एक/एक जना संक्रमित थपिएको हो । पर्सा जिल्लामा १० जना संक्रमित थपिएको निर्देशनालयले जारी गरेको बुलेटिनमा उल्लेख छ । रौतहटमा ८ जना, सप्तरीमा ३ जना थपिएको हो ।

सर्लाही र सिरहामा एक/एक जना संक्रमित थपिएको हो । बारामा ६ जना संक्रमित थप भएको हो । महोत्तरीमा भने सोमबार संक्रमितको संख्या थपिएको छैन् ।

सोमबार कोरोना जितेर १ सय २६ जना घर फर्केका छन् । जसमा १ सय १८ जना पुरुष र ८ जना महिला रहेको निर्देशनालयका वरिष्ठ चिकित्सक डा. कमलेश यादवले जनाए ।


यादवका अनुसार अहिलेसम्म १२ हजार एक सय ७१ जनाले कोरोना जितेर घर फर्केका छन् । कोरोना जित्नेमा १० हजार पाँच सय ५१ पुरुष र १ हजार ६ सय २१ जना महिला रहेका छन् ।

यता, प्रदेश २ मा सोमबार कोरोनाका कारण थप दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रौतहटको गुजरा नगरपालिका वडा नं. १ की ९५ वर्षीया महिला र वीरगंज महानगरपालिका वडा नं. २० हरपतगंजका ६७ वर्षीय पुरुष रहेका छन् । यसका साथै प्रदेशमा मृतकको संख्या १ सय ४९ पुगेको छ ।
















जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com